## अध्याय-एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानिसलाई आफ्नो सामाजिक तथा प्राकृतिक वातावरणमा समायोजित हुन विभिन्न प्रकारका ज्ञान, सीपको आवश्यकता पर्दछ । यो आवश्यकता पूरा गर्नका लागि विभिन्न प्रकारका पाठ्यक्रमको अवधारणाको विकास भएको पाइन्छ । ती मध्ये, सामाजिक अध्ययन विषयको पाठ्यक्रम लाई Integrated and core विषयको रुपमा माध्यमिक तहको पाठ्यक्रममा राखिएको छ ।

सामाजिक अध्ययन (social studies) को Social शब्दलाई विभिन्न अर्थमा प्रयोग गरिन्छ । जस्तैः समूहगत बसोबास; (Living in group) समुदायमा वस्ने मानिसहरु सम्बन्धि (of People Living in Community), मानिस समुदाय बीचको सम्बन्ध (Relation between Person and Community) समाज र समाजको बारेमा (of Society and in Society) आदि ।

विधिवत रुपमा सामाजिक विज्ञानका विषय वस्तुहरुबाट महत्वपूर्ण विषयवस्तुहरु लिई हालको जस्तो छुट्टै 'सामाजिक अध्ययन' नामक विषयको प्रचलन आउनु अधि विद्यालय स्तरमा विभिन्न सामाजिक विषयहरु अलग अलग विषयको रुपमा शिक्षण गर्न सुरु गरियो । सन् १८२० को दशकमा संयूक्त राज्य अमेरिकाको कुनै कुनै विद्यालयबाट पठन पाठन सुरु भएको Seperate Disciplinge का रुपमा विकसित भएका विभिन्न सामाजिक विषयहरुबाट Integrated and Interdisciplinery subject को रुपमा सन १८९२ ताका सुरु गरिएको पाइन्छ । सन् १९२१ मा यस विषयमा अध्ययन र छलफलका लागि अमेरिकामा National Council को स्थापना भई महत्वपूर्ण सुझावहरु प्रदान गऱ्यो । सन् १९२१ देखि सन् १९५५ सम्म यस विषयमा अनेकौं लेख पत्रिकाहरु तथा पुस्तकहरुको प्रकाशहन गरी विभिन्न प्रयोगहरु भए ।

नेपालको सन्दर्भमा सामाजिक अध्ययन विषयलाई प्राथमिक देखि माध्यमिक तह सम्म समावेश गर्न प्रथम पटक वि.सं. २०११ सालमा गठित National Education commission ले सिफारिस गरेको थियो । फल स्वरुप colledge of Education अन्तरगत संचाललित Laboratory scohool मा २०१३ सालमा प्रथमपटक सामाजिक अध्ययन विषयको शिक्षण सुरु भयो ।

वि.सं. २०१८ मा गठित Alround National Education Committee ले प्रा.वि. तह र साधारण तर्फको नि.मा.वि. तहमा १०० पूर्णाङ्कको र संस्कृत तर्फ कक्षा ८ मा ५० पूर्णाङ्कको र संस्कृत तर्फ कक्षा ८ मा ५० पूर्णाङ्कको सामाजिक अध्ययन विषय राख्नु पर्ने सुझाव दिएको थियो ।

National Education system plan (NESP) २०२८ ले प्राथमिक र नि.मा.वि.तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयको रुपमा राखेको थियो । मा.वि. तहमा भने व्यवसायिक तर्फको पाठ्यक्रममा मात्र १०० पूर्णाङ्कको सामाजिक शिक्षाको व्यवस्था मिलाइएको थियो ।

२०४६ सालमा भएको राजनैतिक परिवर्तनसँगै शैक्षिक क्षेत्रमा पनि परिवर्तन भयो । २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगले पनि सामाजिक अध्ययन विषयलाई प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अनिवार्य विषयको रुपमा उचित स्थान प्रदान गऱ्यो । २०४९ को पाठ्यक्रमको परिमार्जित संस्करण २०६० अनुसार १-३ कक्षामा सामाजिक अध्ययन, विज्ञान तथा वातावरण र स्वास्थ्य शिक्षालाई सँगै गाँसी १०० पूर्णाङ्कको एकिकृत पाठ्यक्रमको रुपमा कायम गरिएको छ । ४ र ५ तथा नि.मा.वि. र मा.वि. तहमा १०० पूर्णाङ्कको अनिवार्य सामाजिक अध्ययन विषय कायमै राखिएको छ । त्यसै गरी कक्षा १२ मा सामाजिक अध्ययन शिक्षण नामक ५० पूणाङ्कको ऐच्छिक विषय राखिएको छ ।

हालसालै 'राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले निर्धारण गरेको शिक्षाको परिमार्जित संरचना अनुरुपको पाठ्यक्रम प्रस्तावित भई कार्यान्वयनको चरणमा रहेको छ । जस अनुसार विद्यालय तहलाई आधारभूत तह (१-८), र माध्यमिक तह (९-१२) हुनेछ । आधारभूत तह (१-८) को पाठ्यक्रममा एकिकृत र अन्तरविषयक (Integrated and Inter disciplinary) स्वरुपको सामाजिक अध्ययन विषय रहने व्यवस्था छ । यस विषय अन्तरगत नागरिक शिक्षा, नैतिक शिक्षा र वातावरण शिक्षा समेत समावेश गरिनेछ । ९-१२ को मा.वि. तहमा भर्न विभिन्न सामाजिक विज्ञानहरुलाई single Track पद्धति अनुरुप केुनै एक विषय रोजेर पढ्ने व्यवस्था गरिएको छ र सोहि अनुरुपका seperate disciplinary र Multi disciplinery approach मा आधारित पाठ्यक्रम निर्माण गर्ने लक्ष रहेको छ ।

### १.२ अध्ययनको क्षेत्र

सामाजिक अध्ययन विषयको क्षेत्र व्यापक छ । विभिन्न स्वतन्त्र सामाजिक विज्ञानहरु (इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र) का विषयवस्तुहरु यस विषयका विषयक्षेत्र भित्र पर्दछन । सामाजिक अध्ययनको अध्ययन गर्दा उल्लेखित विषयहरुका विषयवस्तुसँग सम्बन्धित अलग अलग समस्यालाई लिन सकिन्छ । सामाजिक अध्ययन विषयको शिक्षण सिकाई, मूल्याङ्कन पद्धति, विषय वस्तुको संगठन, विद्यार्थीको उपलब्धि स्तर, यस विषयले समाज र व्यक्तिमा पारेका असरहरु जस्ता थुप्रै अध्ययनका क्षेत्रहरु रहेका छन् । ती मध्ये पनि यस विषयको शिक्षण सिकाई क्रियाकलापमा रहेका मुख्य समस्याको पहिचान गरी शिक्षण सिकाईलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न शिक्षण विधि, शैक्षिक सामग्री, कक्षाकोठा व्यवस्थापन, शिक्षकका पृष्ठभूमि जस्ता महत्वपूर्ण पक्षहरुले के-कस्तो प्रभाव पारिरहेका छन् भन्ने कुराको खोजी नै यस अध्ययनको क्षेत्रको रुपमा लिइएएको छ ।

### १.३ समस्याको कथन

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रमले मा.वि. तहका कक्षा ९ र कक्षा १० मा सामाजिक अध्ययन विषयलाई मुख्य विषयको रुपमा स्वीकार गरी अनिवार्य विषयको रुपमा समावेश गरेको छ ।

विगतका एस.एलसि. परीक्षाका परिणामहरुलाई विश्लेषण गरेर हेर्दा गणित अंग्रेजी तथा विज्ञान विषयको उपलब्धिको तुलनामा सामाजिक विषयको उपलब्धि स्तर केहि राम्रो देखिएको उतीर्ण प्रतिशत

राम्रो रहेको भएता पनि पूर्णाङ्कको तुलनामा सरदर उपलब्धि स्तर सन्तोष जनक पाईएको छैन् । अर्को तर्फ सामाजिक अध्ययन विषयले विद्यार्थीहरुको अविवृति पक्षको सकारात्मक विकास वा परिवर्तन गर्न नसकेको गुनासो अभिभावक, शिक्षा विद् तथा बुद्धिजीवी वर्गहरुबाट व्यापक रुपमा उठिरहेको अवस्था छ । विद्यालय अभिभावक, विद्यार्थी सबैले सामाजिक अध्ययन विषयलाई कम महत्व दिई अन्य विषयहरुको तुलनामा यस विषयको शिक्षणमा समेत उचित ध्यान पु¥याउन नसकेको कुरा आजको यथार्थ हो । आजको नेपाली समाज विभिन्न सामाजिक समस्याहरुमा अल्झिएको छ । आपसी द्वन्द्व, भ्रष्टाचार, व्यक्तिवादी स्वार्थ र चिन्तबाट हाम्रो मूलुक बदनाम बन्न पुगेको छ । सामाजिक न्याय, सुरक्षा, मानव अधिकार जस्ता विषयहरु व्यवहारमा सर्वसाधरणको पहुँच भन्दा टाढाका विषय बन्न पुगेका छन् । तसर्थ प्राविधिक तथा व्यवसायिक विषयहरुलाई जस्तै सामाजिक अध्ययन विषयलाई पनि उतिकै शशक्त ढंगले शिक्षण गर्नु जरुरी छ । देशको ऐतिहासिक, राजनैतिक, साँस्कृतिक, भौगोलिक, आर्थिक र मानवीय मूल्य मान्यता र आपसी भाईचाराको आधारभूत ज्ञान उचित तरिकाले दिन नसक्ने हो भने भोलिका दिनमा देशले अझै ठूलो क्षति व्यहोर्नु पर्ने निश्चित छ ।

एकातिर नीतिगत रुपमा पाठ्यक्रम तथा यसको कार्यान्वयनमा सुधार ल्याउन बारम्बार सरकारी स्तरबाट प्रयास भएको देखिन्छ भने अर्को तिर देशको सबैभन्दा बढी लगानी भएको क्षेत्र भएर पनि प्रतिफल न्यून छ । विभिन्न समयमा राजनैतिक भाग वण्डा र स्वार्थ पूरा गर्न सहमतिका नाममा नीति नियमलाई नै आफ्नो स्वार्थ अनुकुल गरी त्यसको धज्जी उडाइएको छ । नीतिको कार्यान्यनमा रहको दुविधाले सामाजिक अध्ययन जस्तो गहन विषयको शिक्षक नियूक्ति देखि नै त्रुटि हुने गरेको पाईएको छ । राजनैतिक पृष्ठभूमिका व्यक्तिहरु नै शिक्षक बन्न पहिलो प्राथमिकतामा पर्ने अदृष्य र अप्रत्यक्ष कारणहरुले विशुद्ध पेशागत दक्षता तथा शैक्षिक योग्यता भएको तटस्थ राजनैतिक विचार बोक्ने ठूलो शैक्षिक जनशक्ति सेवामा प्रवेश गर्ने वातावरण बनेको छेन ।

योग्य र विषयगत विशिष्टिकरण गरेका शिक्षकहरुको अभावमा पुरा नै व्याख्यात्म विधि र चक, डस्टर शैक्षिक सामग्रीहरुले मात्र व्यवहारमा प्रमूखता पाएका छन् । यस विषयमा धेरै गोष्टी, तालिम, संचालन भए पनि व्यवहारमा खासै परिवर्तन नभएको कुरा यस क्षेत्रमा गरिएका विभिन्न अनुसन्धानहरुले देखाएका छन् । यस अध्ययनले सार्वजनिक विद्यालयका मा.वि. तहमा अध्यापन गर्ने शिक्षकको पृष्टभूमि, कक्षाको व्यवस्थापन र शिक्षण क्रियाकलापलाई शिक्षण सिकाईका अन्तर सम्बन्धित समस्याका रुपमा लिई समाधानका उपायहरु सुझाउने जमर्को गरेको छ ।

सामाजिक अध्ययन विषयको अध्ययन पूरानो शैलीमा हुने गरेको देखिन्छ । शिक्षण क्रियाकलापको रूपमा शिक्षक केन्द्रित हुनुको साथै शैक्षिक समाग्रीहरूको अभाव तथा प्राप्त शैक्षिक सामाग्रीहरू प्रयोगको कमी, विषयगत शिक्षकको अभाव, विद्यालयहरूको सन्दर्भ सामग्री तथा शिक्षक निर्देशिकाको प्रयोगको अभाव जस्ता समस्याहरू भएको हुँदा यस विषयको प्रभाबकारी रूपमा शिक्षण हुन नसकिरहेको स्थितिमा अनुसन्धान कर्ताले निम्न लिखित प्रश्नमा केन्द्रित रही अध्ययन गर्ने सोच राखेको थियो ।

क) शिक्षकको पृष्ठभूमि पत्ता लगाउन यस अध्ययनमा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएका थिए

- लिङ्ग, भाषा, उमेर, धर्म, जाती, का आधारमा शिक्षकहरुको पृष्ठभूमि के कस्तो रहेको छ ?
- सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकको शैक्षिक योग्यता, तालिम र अनुभवको अवस्था कस्तो छ ?
- शिक्षकले विशिष्टीकरण गरेको शैक्षिक योग्यता सामाजिक अध्ययन विषयसँग सम्बन्धित छ ?
- शिक्षकको पृष्ठभूमिले शिक्षणमा कस्तो प्रभाव पारेको छ ?

ख) कक्षा व्यवस्थापन सम्बन्धी अनुसन्धानात्मक प्र सः यस अध्ययनमा कक्षा व्यवस्थापन सम्बन्धी निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएको थिए ।

- विद्यार्थीको अनुपातमा कक्षाकोठाको आकार उपयूक्त छ ?
- फर्निचरहरु पर्याप्त र उचित तरिकाले राखिएको छ ?
- कक्षामा Black Board, white board, Display board आदिको रखाई र प्रयोग गर्ने तरिका ठीक छ ?
- विद्यार्थीको बसाई समूहकार्य गर्न मिल्ने किसिमको छ ?
- कक्षाकोठाको संवादन, प्रकाश, र तापक्रमको अवस्था कस्तो छ ?
- कक्षाकोठाको सजावट र सरसफाईको अवस्था कस्तो छ ?
- कक्षा कोठाको शिक्षण क्रियाकलापलाई वाह्य कारणहरुबाट बाधा पुगिरहेको छ/छैन ?

ग) शिक्षण क्रियाकलाप सम्बन्धी अनुसन्धानात्मक प्रश्नहरुः

- शिक्षकले शिक्षण गर्नु अघि लिखित योजना बनाउँछन् ?
- शिक्षकले कक्षा शिक्षणको सुरुवात कसरी गर्छन ?
- शिक्षले विषयवस्तुको प्रस्तुतिकरण कसरी गर्छन् ?
- शिक्षकले कुन कुन शिक्षण विधिको प्रयोग गर्दछन् ?
- कुन कुन शैक्षिक सामग्रीको प्रयोग गर्दछन् ?
- विद्यार्थीहरुको सहभागिता कस्तो रहेको छ ?
- विद्यार्थीलाई सिकाई प्रति उत्प्रेरणा जगाउन के के गरिन्छ ?

- शिक्षक विद्यार्थी सम्बन्ध कस्तो छ ?
- विद्यार्थी मूल्याङ्कन कसरी गरिन्छ ?
- गृहकार्य दिने व्यवस्था छ ? गृहकार्य नियमित परीक्षण गरिन्छ ?

**१.४ अध्ययनको उद्देश्यः**

कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप सम्बन्धि अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- कक्षा ९ को सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरुको पृष्ठ भूमिको पहिचान गर्नु ।
- कक्षा ९ को सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनु ।

**१.५ अध्ययनको औचित्य**

वर्तमान कक्षा ९ को सामाजिक अध्ययन विषयको पाठयक्रम विलकुल नयाँ ढङ्गमा प्रस्तुत गरिएको छ । यसको कार्यान्वयन गर्न विभिन्न सामाजिक विषयहरुमा राम्रो दखल भएको, तालिम प्राप्त शिक्षकबाट मात्र सम्भव छ । यसमा समावेश गरिएका विषयवस्तुहरुको शिक्षिण मुख्यतया विविध रचनात्मक क्रियाकलापका साथमा प्रत्येक पाठमा एउटा सामुदायिक परियोजना कार्य गर्नु पर्ने व्यवस्था रहेको छ । पाठ्यक्रमले तोकेका क्रियाकलापहरु सञ्चालन गर्न विभिन्न शैक्षिक सामग्रीको शिक्षक स्वयंमले निर्माण गर्नु पर्ने हुन्छ भने कतिपय बजारबाट खरिद गर्नु पर्ने हुन्छ । ती शैक्षिक सामग्रीको सान्दर्भीक प्रयोग गर्न सक्नु अर्को चुनौती रहेको छ । कुनै एउटा सामाीजक विज्ञानमा स्नातक गरेको शिक्षकले सबै सामाजिक विज्ञानका विषयवस्तु अध्यापन गर्नु निश्चय नै कठिन कार्य हो । हाल सम्म त्रि.वि. लगायतका कुने पनि विश्वविद्यालयले विशुद्ध सामाजिक अध्ययन विषयमा विशिष्टिकरण गर्नको लागि पाठयक्रम निर्माण नगरेको अवस्थामा सामाजिक अध्ययन विषय अध्यापन गर्ने विषय शिक्षक को हो ? भन्ने कुरा अन्यौल के विषय बनेको छ ।

यस सन्दर्भमा यस अध्ययनले सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलापको वर्तमान अवस्थालाई उजागर गर्ने हुनाले, शिक्षक, विद्यार्थी, शिक्षा सेवी, अभिभावक, शिक्षा प्रशासन तथा शिक्षण क्षेत्रमा सरोरका राख्न सबैका लागि यो अध्यनको प्रतिवेदन उपयोगि रहेको छ । सामाजिक अध्ययन शिक्षणमा रहेका विद्यमान चुनौतिहरुको कसरी सामना गर्न सकिन्छ भन्ने तर्फ सुझाव सहित यस अध्ययनले घचघच्याएको छ ।

वर्तमान अवस्थामा सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलाप कसरी अगाडि बढी रहेको छ भन्ने कुरालाई छोटो अवधिमा र सानो जनसंख्यामा आधारित अध्ययन भए पनि यस अध्ययनमा पटक पटकको आकस्मिक कक्षा अवलोकन गरी यथार्थ सूचना प्राप्त गरी निष्कर्षमा पुगिएको छ । सथै सम्बन्धि प्र.अ. तथा विषय शिक्षकसँगको अन्तर्वार्ता , विद्यार्थीहरुसँगको छलफलको निष्कर्षले पनि यस

अध्ययनको प्राप्तीलाई थप वैधता प्रदान गरी यस अध्ययनको औचित्य पुष्टी गरेको छ । यस अध्ययनले यस विषयमा थप अध्ययन गर्न चाहनेहरुलाई महत्वपूर्ण सहयोग पुऱ्याउनका साथै विषय शिक्षक श्रोत व्यक्ति, विद्यालय निरीक्षकका लागि पनि कक्षाकोठाको वास्तविकता पस्किएकाले शिक्षण सिकाईमा थप सुधार ल्याउन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ ।

**१.६ अध्ययनको सिमाङ्कन**

कुने पनि अध्ययन कार्य सञ्चलन गर्नु पूर्व यसले समेटने क्षेत्रको व्यापकता तथा गहिराइलाई अध्ययनको सिमाङ्कन भित्र समेट्नु पर्दछ । यस कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप नामक अध्ययन कार्यलाई उपलब्ध स्रोत साधन र समयको अधिनमा रहि निम्नानुसारको सिमाङ्कन भित्र रहि सम्पन्न गरिएको थियो ।

- या अध्ययनलाई उदयपुर जिल्लाको श्री ज्योति नमूना उ.मा.वि. स्रोकेन्द्र अर्न्तगतका ४ वटा विद्यालयहरुमा सिमित गरी सम्मपन्न गरिएको थियो ।
- नमूना विद्यालय छनौट गर्दा purposive sampling विधिको प्रयोग गरी भिन्न भौगोलिक तथा सामाजिक परिवेशलाई समेटने प्रयास गरिएको थियो ।
- समयाभावका कारण नमूना छनौटमा परेका विद्यालयहरुका कक्षा ९ मा मात्र आधारित भई शिक्षक, प्र.अ. अन्तर्वार्ता, कक्षा अवलोकन दस्तावेज अध्ययन तथा विद्यार्थीहरुसँगको छलफलबाट प्राप्त तथ्याङ्कमा यो अध्ययन आधारित रहेको थियो ।
- यो अध्ययनको तथ्याङ्क संकलन, विश्लेषण तथा व्याख्या मुख्यतया गुणात्मक विधिबाट सम्पन्न गरी निष्कर्षमा पुगिएको छ ।

## अध्ययन दुई

## पूर्व साहित्यको समिक्षा

पूर्व साहित्य भन्नाले अनुसन्धान गर्न लागिएको विषयमा त्यस भन्दा पहलिा भएका अध्ययन अनुसन्धान कार्यको साथै त्यस विषयको शैद्धात्तिक अवधारणा समेतलाई बुझाउदछ । अनुसन्धान गर्न लागिएको विषयमा पहिला भएका कार्यहरु के के छन् ? कहाँ कसरी र कुन कुन विधिबाट गरिएका छन् ? भनेर विवेचना गर्ने कार्य पूर्व साहित्यको समिक्षामा गरिन्छ । यस अध्ययनसँग सम्बन्धीत कतिपय ठ्याक्कै मेल खाने र कतिपय आंशिक रुपमा भए पनि समस्यासँग मेल खाने साहित्यहरुको समिक्षा गर्न सामाजिक अध्ययन विषयको कक्षा ९ को पाठ्यक्रम/पाठ्यपुस्तक सामाजिक अध्ययन शिक्षणसँग सम्बन्धित पुस्तकहरु, शिक्षा शास्त्रसँग सम्बन्धीत विभिन्न पुस्तकहरु तथा सामाजिक अध्ययन विषयमा विभिन्न समयमा सञ्चालन गरिएका अनुसन्धानमा अनुसन्धान कर्ताले निकालेका शोधसार तथा निष्कर्ष समेतको अध्ययन गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्य

प्रयोजनवादी दार्शनिक जोनडिवेल शैक्षिक प्रक्रियालाई परिस्थिति अनुसार निर्धारण हुने कुरा बताएका छन् । उनका अनुसार शैक्षिक प्रक्रिया भित्र बालक अविकसित, अपरिपक्व प्राणी हो । उसलाई परिपक्व र अनुभवी यूवकहरुले समाजमा सामाजिक लक्ष्य मूल्य मान्यताका आधारमा अघि बढाईरहेका हुन्छन् । त्यसैले यिनै तत्वहरुका बीचको अन्तरक्रिया नै ैक्षिक प्रक्रिया हो । उनको सिद्धान्तमा केन्द्र विन्दुमा रहेको विधि नै परियोजना विधि हो । यस विधिमा विद्यार्थीको उद्देश्य, चाख उपयोगिताको आधारमा गरेर सिक्नेमा केन्द्रित हुनु पर्दछ । (शर्मा २०६५)

आदर्शवादीहरुले जुनसुकै विषयको शिक्षण सिकाई क्रियाकलापको प्रभावकारिता शिक्षकको विवेकमा सुम्पेका छन् । सुकरातले प्रश्नोत्तर र छलफल विधिद्धारा शिक्षण अगाडि बढाउनु पर्दछ भनेका छन् । उनका शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाको रुपमा सिफारिस रेका छन् । हेगलले तार्किक विधिद्धारा उपयूक्त शिक्षण सिकाई क्रियाकलाप हुने कुरामा जोड दिएका छन् । (सिंह २०६५)

माध्यमिक शिक्षा पाठ्यक्रम भाग १ (२०६४) मा सामाजिक अध्ययन विषयको कक्षा ९ को विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

कक्षा ९ को अन्त्यमा विद्यार्थीहरु निम्न कार्य गर्न सक्षम हुने छन्:

१. विकास, दिगो विकास, तथा मानव विकासको अवधारणा बताउन ।

२. नेपालमा मानव विकासको स्थितिको विश्लेषण गर्न ।

३. नेपालको विकास कार्यमा शिक्षा, स्वाश्थ्य, यातायात सञ्चार, विद्युत र खानेपानीको विकास उल्लेख गर्न ।

४. नेपाली कलाको पृष्ठभूमिमा हस्तकला, चित्रकला, वास्तुकला, मूर्तिकलाको परिचय दिन र तिनको संरक्षण कार्यमा सहभागी हुन ।

५. हाम्रा राष्ट्रिय विभूतिहरुबाट राष्ट्रका लागि भएका योगदानहरु वर्णन गर्न र उनीहरुले गरेका राम्रा कुराहरुको अनुसरण गर्न ।

६. सामाजिक समस्या पहिचान गर्न, त्यसका समाधानका उपाय उल्लेख गर्न र समाधान कार्यहरुमा सहभागी हुन् ।

७. संविधानको परिचय दिई नेपालको सबै धानिक विकासक्रम उल्लेख गर्न ।

८. वर्तमान संविधानले प्रदान गरेका मौलिक हक उल्लेख गर्न ।

९. सुशासनको अवधारणा बताई नागरिक समाजको भूमिका उल्लेख गर्न ।

१०. नेपालमा जाति, धर्म, भाषा, क्षेत्र लिङ्ग आदिका दृष्टिले विविधताको पहिचान गरी एक अर्कामा सहिष्णुता कायम राख्न

११. देशान्तरको कारणले समय र तीथिमा पार्ने प्रभाव बताउन

१२. नेपालको हावा पानीको अवस्था र ऋतु परिवर्तनको परिचय दिन ।

१३. भौगोलिक विविधताबाट जनजीवनमा पर्ने असर बताउन

१४. नेपालको नक्सा अध्ययन गरी प्रमूख तत्थ्यहरु संकत गर्न ।

१५. एशिया यूरोप र अष्ट्रेलिया महादेशको प्रक्रितिक, सामाजिक जनजीवन तथा आर्थिक क्रियाकलापको संक्षिप्त परिचय दिन र नेपालसँग तुलना गर्न ।

१६. ऐतिहासिक स्रोतको खोजी र अध्ययन गर्न ।

१७. नेपालको एकिकरण अभियानको संक्षिप्त रुप्मा वर्णन गर्न र यसले पारेको प्रभाव बताउन ।

१८. नेपाल अंग्रेज यूद्धका प्रमुख नेपाली बवीर विरङ्गनाहरुको योगदान बताउन

१९. नेपालमा राणाशासनको उदय अन्त्यका कारण र सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव उल्लेख गर्न ।

२०. अद्योगिक क्रान्तिले मानव समाजमा पारेको प्रभाव उल्लेख गर्न ।

२१. नेपालको आर्थिक विकासमा कृषि उद्योग र व्यापार बीचको आपसी सम्बन्ध र महत्व वर्णन गर्न एवम् तिनको सुधारमा योगदान दिन

२२. नेपालको अर्थ तन्त्रमा उद्योगको महत्व तथा विकासका सम्भावनाहरु उल्लेख गर्न ।

२३. नेपालमा उद्योगका समस्याहरु र यसलाई प्रवर्द्धन गर्ने उपायहरु बताउन र आवश्यक योगदान दिन ।

२४. आर्थिक योजनाको परिचय दिन र अघिल्लो योजनाको समिक्षा गर्न ।

२५. नेपालमा गरिबी निवारण र रोजगार प्रवर्द्धनमा आर्थिक योजनाले पुऱ्याएको सहयोग उल्लेख गर्न

२६. सार्क राष्ट्रहरुको आपसी सहयोग र सद्भावना बारे वर्णन गर्न

२७. नेपालका दातृराष्ट्रहरुसँगको सम्बन्ध र सहयोग बारे बयान गर्न ।

२८. नेपाललाई संयूक्त राष्ट्रसंघको सदस्यको रुपमा चिन्न र अन्तर्राष्ट्रिय शान्ति स्थापनाका निम्ति नेपालले संयूक्त राष्ट्रसंघमा खेलेको भूमिका वर्णन गर्न

२९. विश्वमा घटेका समसामयिक घटनाहरुले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न ।

**माध्यमिक शिक्षा पाठ्यक्रम माग एकमा सामाजिक अध्ययन विषयको शिक्षण सिकाई प्रक्रिया तथा मूल्याङ्गनका सम्बन्धमा निम्नानुसार वर्णन गरएको छः**

सामाजिक अध्ययनको पाठ्यक्रम विभिन्न नौ वटा क्षेत्राई समेटेर एकिकृत रुपमा तयार पारिएको छ । यसमा उल्लेख गरिएका विषय वस्तुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उतिकै महत्व दिनु पर्ने हुन्छ । विषय वस्तुको ज्ञान सीप र धारणाको विकास गराउनु पर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिनका लागि कक्षा भित्र वा बाहिर आ-आफ्नो टोल समूदायसँग सम्बन्ध राखी समूदायसँग सम्बन्धित क्रियाकलापहरु गराउनु पर्दछ । यी विषय वस्तुलाई जस्ताको तस्तै कष्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरुलाई आ-आफ्नो समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनु पर्दछ । सामाजिक अध्ययनले विद्यार्थीहरुले कथा, कविता नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृतचित्र, स्तम्भ चित्र, तालिका, तस्विर, नक्सा जस्ता सिर्जनशील विधाहरु मार्फत भाव अभिव्यक्त गरुन र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकासहोस भन्ने लक्ष्य राखेको छ । यी सबै सीपहरुको विकासगर्न प्रोत्साहित गर्नु पर्दछ ।यसका लागि शिक्षकद्धारा निर्मित वार्षिक कार्य योजनाको ठूलो भूमिका रहन्छ । विद्यार्थीहरुलाई 'गर र सिक' भन्ने धारणाको अभिवृद्धि गराउनु र विद्यार्थीहरुमा व्यवहारिक परिवर्तन ल्याउनु नै सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरु प्रयोग गर्न सकिन्छ । केहि नमूना विधिहरु यस प्रकार छन् :

क) प्रश्नोत्तर विधि

ख) प्रदर्शन विधि

ग) समस्या समाधान विधि

घ) छलफल विधि

ङ) अवलोकन विधि

च) खोज विधि

छ) अभिनय विधि

ज) परियोजना विधि

झ) प्रयोगाात्मक विधि

ञ) क्षेत्र भ्रमण विधि

ट) आगमन विधि

यी विधिहरु नमूनामात्र हुन् । स्थानीय परिवेश विषयवस्तुको प्रकृति र स्वरुपमा आधारमा शिक्षक विधिमा विविधता ल्याउन सकिन्छ । जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थी केन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरुको सहभागितालाई प्रोत्साहन गर्नु पर्दछ । विद्यार्थीहरु आफैलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो पर्न सक्छ । त्यस्तो अवस्था मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्धारा सहयोग पुऱ्याई समाधान गरिदिनु पर्दछ । विद्यार्थीहरु सिर्जना र प्रतिभाका भण्डार हुन् । त्यसैले उनीहरुलाई सिक्नका लागि उपयूक्त वातावरण सिर्जना गरिदिनु पर्छ । शिक्षकले एउटा सहजकर्ताको रुपमा विद्यार्थीहरुलाई सहि बाटो देखाउन सहयोग पुऱ्याउन सक्नु पर्छ । पाठ्यक्रममा समावेश गरिएका विशिष्ट उद्देश्यहरु र तिनका विषयवस्तुहरुको आधारमा विद्यार्थीहरुको सिकाइ उपलब्धिको मूल्याङ्कन गरिनु पर्छ । उपलब्धि मूल्याङ्कनका आधारहरु निम्नानुसार निर्धारण गरिएका छन् :

१. विशिष्ट उद्देश्यहरु अनुरुप विद्यार्थीहरुले विषयवस्तुको ज्ञान, सीप अभिवृति हासिल गर्न सकेका छन कि छैनन भन्ने सम्बन्धमा निरन्तर र मूल्याङ्कन गरिरहनु पर्दछ ।

२. यसरी गरिएको मूल्याङ्कनको आधारमा शिक्षण सिकाईमा आवश्यक सुधार गरी अध्यापनलाई अझ प्रभावकारी बनाउनु पर्दछ ।

३. विद्यार्थीहरुलाई उनीहरुले हासिल गरेका सिकाइ उपलब्धिको जानकारी दिनु पर्दछ । जसबाट उनीहरुमा भएका कमीकमजोरीहरु हटाउन मद्दत पुग्छ ।

४. अभिभावकहरुलाई पनि विद्यार्थीहरुको प्रगति विवरणको जानकारी दिन सकेमा वहाँहरुलाई आफ्ना छोराछोरीहरुको अध्ययनमा सुधार ल्याउन मद्दत मिल्छ ।

५. विद्यार्थीहरुले सिकेका कुराहरुको व्यवहारिक प्रयोग भर नभएको अवलोकन गरी सुधार गर्नु पर्छ । विद्यार्थीहरुलाई योजनाकार्य र सामुदायिक कार्य गराउन विशेष जोड दिनु पर्दछ ।

६. सामाजिक अध्ययन विषयको मूल्याङ्कन गर्दा विद्यार्थीहरुले समुदायमा खोज गरेका विषयवस्तुहरु, उनीहरुका आफ्नै सिर्जनाहरु गीत, कविता, कथा, चिट्ठी, समाचार, नाटक, सम्पादकीय, चित्र, तालिका नक्सा, ग्राफहरु जस्ता विभिन्न कार्यहरुको शिक्षकद्धारा अवलोकन गरी उनीहरुका सिकाई उपलब्धिको मूल्याङ्कन गर्नुपर्छ ।

**सामाजिक अध्ययन शिक्षण अवधारणा तथा प्रयोग** (२०६४) नामक आफ्नो पुस्तकमा त्रि.वि. का सह प्रा. अब्दुल कैयूम शिक्षणको अवधारणा दिदै भन्दछन् :-

शिक्षण एक प्रकारको जटिल व्यवहार हो । एका तिर सिकाइ प्रक्रियासँग जोडेर यसको विश्लेषण गर्नु पर्दछ भने अर्को तर्फ पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको दृष्टिकोणले यसलाई व्याख्या गर्नुपर्ने हुन्छ । वास्तवमा शिक्षकको भूमिका र कार्यहरु विविध प्रकारका हुन्छन् । यस विास्तविकतालाई विचार गर्दै इष्टमानले यसरी भनेका छन् शैक्षिक लक्ष्य हासिल गर्ने क्रममा शिक्षक र विद्यार्थीहरु बीच हुने अन्तरक्रिया नै शिक्षण हो । यस प्रक्रिया अन्तरगत शिक्षकले आफ्ना विविध भूमिकाहरु एवं

विद्याथर्गीहरुको संभावित प्रतिक्रियालाई विचार गर्दै शिक्षणकार्य सम्पन्न गर्नु पर्दछ । L.N. Gage ले शिक्षणलाई चक्र प्रत्रियाको रुपमा व्याख्या गर्दै यसका चार तत्वहरुका बारेमा चर्चा गरेका छन् ।

शिक्षक द्वारा विद्यार्थीबारे प्रत्यक्ष अनुभव र ज्ञान प्रक्रिया चरणहरुका बारेमा कैयूम भन्दछन्: शिक्षण सिकाई कार्यलाई तीन चरणमा विभाजन गरिन्छ ,

पूर्व शिक्षण चरण ( Pre Teaching Phase) यस चरणमा शिक्षकले सम्बन्धित पाठ पठाउन विभिन्न तयारी गर्छ । जस्तै विषयवस्तुको संकलन पाठयोजना निर्माण शिक्षण सामाग्रीको निर्माण, संभावित विधिहरु बारे विचार विमर्श इत्यादि ।

कक्षाकोठामा वास्तविक शिक्षणको चरण (Teaching Phase) यस चरण अन्तर्गत शिक्षकले प्रथम चरणमा गरेका तयारी अनुसार विद्यार्थीसँग अन्तरक्रियागर्दछ र योजना अनुसारको उद्देश्य प्राप्ति गर्न सामग्रीहरुको सहयोगबाट विभिन्न क्रियाकलापहरु गर्दछ ।

उत्तर शिक्षण चरण (Post Teaching Phase)-कक्षा कोठाको शिक्षण कार्य सम्पन्न भए पछि शिक्षकले कार्यालयमा बसेर आत्म मूल्याङ्कन गर्नु पर्छ । योजना अनुसारको उद्देश्य के कति प्रापत भयो? प्रयोग गरिएका सामाग्रीहरु कति उपयूक्त र प्रभावकारी थिए? शिक्षण प्रक्रियामा विद्यार्थी सहभागिता के कति भएको थियो ? विषयवस्तु पर्याप्त थियो वा थिएन ? विषयवस्तुको प्रकृति अनुसार शिक्षण विधि र प्रविधिहरुको उचित प्रयोग भयो वा भएन ? एवं प्रकार शिक्षण सिकाईका सबै तत्वहरुको बलियो पक्षको साथ साथै कमी कमजोरीहरुको मूल्याङ्कन गर्दै आगामी शिक्षणमा समसामयिक सूधार ल्याउन सक्षम हुनु पर्दछ ।

जुन सुकै शिक्षण विधि प्रयोग गरेपनि यसका प्रमूख तत्वहरु शिक्षक र विद्यार्थीहरु नै हुन्छन् । जसको आधार र सहयोगमा शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया हुने गर्दछ । यहि अन्तर्राक्रियाको प्रकृति अनुसार शिक्षणविधि छुट्याइन्छ । मूलरुपमा चार प्रकारका अन्तरक्रिया शिक्षण सिकाई कार्यक्रममा हुने गर्दछ ।

एक तर्फी (One way) अन्तरक्रियाः यस अन्तरगत सम्पूर्ण कार्य शिक्षकले गदृछ । जस्तै विषयवस्तुको व्याख्या गर्ने, चित्र, नक्सा, चार्ट आदि देखाउने, कालोपाटीमा लेख्न, केहि कुराहरुको प्रदर्शन गर्ने आदि । विद्यार्थीहरुले सुन्ने, हेर्ने र टिपोट गर्ने कार्य मात्र गर्दछन् । यो एक प्रकारको प्रेशण- प्राप्ति खालको आदान प्रदान (Sending Receiving Trasaction) जस्तै छ । व्याख्यान विधि, व्याख्या र प्रदर्शन विधि, Audio Vidio द्वारा गरिने शिक्षण कार्यमा यस्तै अन्तरक्रिया हुन्छ ।

दुईपक्षिय (Two Way) अन्रतक्रियाः यो शिक्षक र विद्यार्थीबीच दोहोरो अन्तर क्रियामा आधारित क्रियाकलाप हो । यस प्रकारको अन्तर क्रियामा विद्यार्थीहरु पहिलो तरिका भन्दा केहि बढी सक्रिय हुन्छन् । तर शिक्षकको भूमिका अझ आदेशात्मक र प्रभावशाली नै हुन्छ । विकाशोन्मुख पाठ (Evelopmental lesson) हरुमा यस्तै सामान्य प्रश्नहरुको आधारमा विचारको आदान प्रदान हुन्छ । शिक्षकले पाठको पूर्व ज्ञान सम्बन्धि केहि प्रश्नहरु कुने कुने विद्यार्थीहरुलाई सोध्ने गर्दछन र विद्यार्थीले आफूले जानेको उत्तर

दिन्छ । एवं प्रकार पाठलाई अगाडि बढाउन र पाठको अन्तमा पनि शिक्षकद्धारा प्रश्न सोध्ने र विद्यार्थीहरु द्धारा उत्तर दिने क्रियाकलाप सीमित रुपमा हुने गर्दछ ।

त्रिपक्षीय र (Three way) अन्तरक्रियाः यस अन्तरक्रियामा शिक्षक विद्यार्थी-विद्यार्थी-विद्यार्थी, तीन पक्षिय अन्तर क्रिया हुन्छ । शिक्षक-विद्यार्थी-विद्यार्थी आदान प्रदान (Teacher-student-student transaction) भनिन्छ । यसमा विद्यार्थीले शिक्षकबाट मात्र होइन आफ्नो सहपाठीहरुबाट पनि धेरै कुराको ज्ञान प्राप्त गर्दछ । यसमा शिक्षकको भूमिका आदेशात्मक नभई सहयोगात्मक हुन्छ । विद्यार्थहिरुबीच अधिकतम अन्तरक्रियाको वातावरण सिर्जना गर्न शिक्षक सहजकर्ता (facilitator) र मार्ग दर्शक Guide को भूमिका निर्वाह गर्दै अन्तमा सम्पूर्ण अन्तरक्रियाको संक्षेपीकरणको कार्य गर्दछ । विभिन्न किसिमका समूहगत छलफल कार्यहरु जस्तै गुञ्जन समूह (Buzz Group), वादविाद (Debate), गोलमेच (Round Table) इत्यादि यस अन्तरक्रियाका उदाहरणहरु हुन् ।

चार पक्षिय (Four way) अन्तर क्रिया : यसलाई, शिक्षक-शिक्षक-विद्यार्थी-विद्यार्थी आदान प्रदान (Teacher-Teacher-pupil-pupil transaction) पनि भन्न सकिन्छ । सामान्यतया जब कुनै विद्यार्थी समूहको शिक्षण सिकाईको अभिभारा २ वा २ भन्दा बढी शिक्षक वा प्रशिक्षकलाई सुम्पिइन्छ । तव यस प्रकारको अन्तरक्रिया सम्भव हुन्छ । यसको सबै भन्दा उपयुक्त उदाहरण Team Teaching हो । यसबाहेक कुनै प्रोजेक्ट, शैक्षिक भ्रमण र यस्तै अन्य कार्यक्रम जहाँ एक जना प्रमूख र अन्य केही सहयोगी शिक्षकहरु सम्मिलित हुन्छन् । यस प्रकारको अन्तरक्रिया हुने गर्छ ।

कैयूम महोदयले यस पुस्तकमा सामाजिक अध्ययन शिक्षणमा प्रयोग गर्न सकिने प्रश्नोत्रर, छलफल, प्रदर्शन, अवलोकन, खोज, अभिनय, परियोजना, क्षेत्र, भ्रमण जस्ता विधिहरुको व्याख्या सहित यी विधिहरुलाई प्रभावकारी बनाउने तरिकाहरु समेत उल्लेख गर्नु भएको छ ।

**साहित्यको पुनरावलोकन गर्ने क्रममा अनुसन्धान पद्धति (Research Methodology) सँग सम्बन्धित केहि साहित्यहरुको पनि पुनरावलोकन गरिएको थियो जो यस प्रकार रहेका छन्ः**

खनाल पेशल (२०६१) 'गुणात्मक' मूल्याङ्कन अनुसन्धान' नामक आफ्नो पुस्तकमा अनुसन्धानको परिचय दिदै भन्दछन् "अनुसन्धान भनेको कुनै विषयवस्तु, घटना, स्थिति, का बारेमा विद्यमान अर्थपूर्ण प्रश्नहरुको उत्तर वैज्ञानिक र यवस्थित प्रक्रियाको उपयोग गरी प्राप्त गर्ने विधि हो, जसले वस्तुगत, निष्पक्ष, अनुभव जन्य र तार्किक विश्लेषण गरी विषयवस्तु घटना र स्थिति बारेमा नयाँ सिद्धान्त, मान्यता, आवधारणा, नियम र सामान्यीकरणको प्रतिपादन समेत गर्दछ ।"त्यस्तै गुणात्मक अनुसन्धानका सम्बन्धमा उनी भन्दछन्, " सामान्य अर्थमा गुणात्मक अनुसन्धान (Qualitative research भन्नाले व्याख्यात्मक सूचना वा तथ्याङ्कका अधारमा व्याख्या विश्लेषण र निष्कर्ष प्राप्त गर्न सञ्चालन गर्ने प्रक्रिया भन्ने बुझिन्छ ।"

खनाल पेशल (२०६६) 'शैक्षिक अनुसन्धान पद्धति' नामक पुस्तकमा गुणात्मक अनुसन्धान (Qualitative research) को सम्बन्धमा भन्दछन्, "यदि अध्ययनको मूख्य उद्देश्य कुनै अवस्था (Situation) प्रक्रिया (phenomenon), समस्या (problem) तथा घटना को व्याख्या विश्लेषण गर्नु

रहेको छ भने सो उद्देश्यका लागि संकलन तथा विश्लेषण गरिने तथ्याङ्कको स्वरुप सांख्यीक (Numerial) नभए र शाब्दिक (verbal) बढी हुने गर्दछ । यस प्रकारका तथ्याङ्कहरु गुणत्मक स्केलहरु नामरुपी (Neminal) र क्रमागत (ordinal) मा मापन गरिएका हुन्छन् । विभिन्न अवस्था, प्रक्रिया, घटना, समस्याको अध्ययन तथा विश्लेषणको क्रममा तिनिहरुलाई परिमाणात्मक सांख्यीक मानमा रुपान्तरण गरिदैन ।यस प्रकारका तथ्याङ्कलाई गुणात्मक तथ्याङ्क भनिन्छ । यसरी शाब्दिक रुपमा संकलन गरिएका असङिख्यक तथ्याङ्कलाई तथ्याङ्कहरुलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणत्मक अनुसन्धान भनिन्छ । अनुसन्धानका क्रममा अुसन्धानलाई गुणत्मक अनुसन्धान भनिन्छ । अनुसन्धानका क्रममा अनुसन्धान कर्ताले वस्तु प्रक्रिया, समस्या तथा घटनाहरलाई यथास्थितिमा अथवा तिनीहरुको प्राकृतिक अवस्थामा नै अध्ययन गर्ने हुनाले गुणात्मक अनुसन्धानलाई प्राकृतिक खोज पनि भनिएको पाइन्छ । यस विधिमा नियन्त्रण (control) र परीक्षण (Manipulation) को कृत्रिमतालाई हटाई तिनीहरुको स्वतन्त्र स्वरुपलाई नै अध्ययन गरिन्छ । मुख्यतः व्यक्तिगत निर्णय (Subjective judgement) तथ्याङ्क संकलनको मुख्य आधार हो ।"

**M.Q. Patton (1990) ले गुणात्मक अनुसन्धानमा मुख्य तीन प्रकारका साधनको प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिने उल्लेख गरेका छन्:**

१) गहिरो वा खुल्ला अन्तर्वार्ता (In depath and open ended interview)

२) प्रत्यक्ष अवलोकन (Direct observation)

३) लिखित दस्तावेज (written documents)

उनले गुणात्मक अनुसन्धानका क्रममा उल्लेखति साधनहरु वा विधिको प्रभावकारी रुपमा कसरी प्रयोग गर्न सकिन्छ भनी विष्तृत रुपमा उल्लेख गरेका छन् ।

नमूना छनौट (Sampling) विधिका सम्बन्धमा विभिन्न ढाँचाको विकास भएको पाइन्छ । अध्ययनका क्रममा समान गुणहरु भएका इकाईबाट केहि इकाईहरुको छनौट गर्ने कार्य नै नमूना छनौट । नमूना छनौट २ किसिमले गर्न सकिन्छ ।

१) सम्भावना यूक्त नमूना छनौट (probability sampling)

२. संभावना रहित नमूना छनौट (Non probability sampling) .

संभावनायूक्त नमूना छनौट यस्तो छनौट पद्धति हो, जसमा जनसंख्याका प्रत्येक इकाईको छानिने संभावना बराबर हुन्छ । यसमा अनुसन्धान कर्ताको इच्छा अनुसारको इकाई छनौट नभएर एउटा यस्तो विधि अपनाइन्छ जसमा जनसंख्याका कुनै पनि सदस्यहरु नमूनाका रुपमा छनौट हुन सक्दछन् । संभावनायूक्त नमूना छनौटलाई विभिन्न उप वर्गमा विभाजन गर्न सकिन्छ ।

१) Simple Ramdom Sampling

२) Startified sampling

३) Area or cluster sampling

**सम्भावना रहित नमूना छनौट (Nonprobality Sampling)**

कुनै जनसंख्याबाट नमूना छनौट गर्दा संयोगको आधारमा नभई पूर्व नियोजित सोच या विचारको आधारमा हुन्छ भने त्यसलाई सम्भावना रहित (Non probability sampling) भनिन्छ । Non probability sampling लाई निम्नानुसार विभाजन गरिएको छ :

१) उद्देश्यमूलक नमूना (purposive sampling)

२) अंश नमूना (quota Sampling)

३) सुविधायूक्त नमूना छनौट (Convenience Sampling)

४) व्यवस्थित नमूना छनौट (systematic sampling)

सामान्य सम्भावना यूक्त नमूना छनौटलाई Kerlinger ले यसरी वर्णन गरेका छन् " Random Sampling is that method of drawing a portion (or sample) of a population or universe has an equal chance of being selected." Kerlinger F.N. (1983)

अनुसन्धान ढाँचा (Research design) सम्बन्धि साहित्यको अध्ययन गर्ने क्रमा पेशल खनालको शैक्षिक अनुसन्धान पद्धतिको अध्ययन गरिएको थियो जसमा अनुसन्धान ढाँचाका बारेमा विभिन्न विद्धान्हरुले दिएका परिभाषाहरुलाई यसरी प्रस्तुत गरिएको पाईयो :

1. A research desigh is a plan that shows how a researcher in tends to fulfil the goals of a purposed study -Johnson, J.B. And R.A. Joslyn
2. A research desigh is the arrangement of condition for collection and analysis of data in a manner that aims to combine relevance to the research pupose with economy in procedure - Selltiz

यी परिभाषाहरुबाट अनुसन्धान ढाँचाले अनुसन्धानको तथ्याङ्क संकलन, विश्लेषण र व्याख्या गर्ने कार्यलाई उद्देश्य मूलक ढंगमा कम खर्चमा सम्पन्न गर्न मद्दत गर्दछ भन्ने स्पष्ट हुन आउँछ । अनुसन्धान ढाँचाले सम्पूर्ण अनुसन्धानलाई मार्गदर्शन गरी अनुसन्धानलाई व्यवस्थित गर्न मद्दत पुऱ्याउँछ ।

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

पनेरु (२०६५) ले 'माध्यमिक तहको सामाजिक विषयको शैक्षणिक अवस्था' शीर्षकमा अध्ययन गर्नुभद्धएको थियो । उहाँले काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका भित्रका ४ वटा सार्वजनिक विद्यालयहरुलाई अध्यनका लागि छनौट गर्नु भएको थियो । यस अध्ययनको उद्देश्य मा.वि. तहको

सामाजिक अध्ययन शिक्षणको शैक्षणिक अवस्था, शैक्षिक सामग्रीको पहिचान गर्नु, कक्षा शिक्षणमा प्रयोग गरिने विधि तथा सामाजिक अध्ययन शिक्षणमा आईपरेका समस्याहरु समाधानका उपायको पहिचान गर्नु थियो । उहाँले उक्त उद्देश्य पुरा गर्नका लागि सम्बन्धित विषय शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरुको छनौट गरी अध्ययन गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययनको प्राप्तीमा शिक्षण कार्यमा शिक्षक केन्दित विधिको प्रभाव, शैक्षिक अवलोकन भ्रमणहरु योजनाबद्ध रुपमा नगराईएको, शिक्षण सामग्रीको अभाव रहेको, अधिकांश शिक्षकहरु तालिम अप्राप्त रहेको, विद्यालयमा पर्याप्त शिक्षक दरबन्दीको अभाव रहेकोले शिक्षकलाई कार्यभार बढी भएको, दैनिक पाठ योजना निर्माण नगरी नै शिक्षण सिकाई क्रियाकलाप संचालन गरिने गरेको उल्लेख गर्नु भएको थियो ।

उक्त अध्ययनमा देखिएका समस्याहरुको समाधानका लागि, शिक्षक दरबन्दीको व्यवस्था, शिक्षकको कक्षा भार घटाउनु पर्ने मूल्याङ्कन प्रक्रियालाई निरन्तर गरिनु पर्ने, शिक्षकले दैनिक पाठयोजना निर्माण गर्नु पर्ने, शिक्षणमा विद्यार्थी केन्द्रित विधिमा जोड दिनु पर्ने, शैक्षिक भ्रमणलाई स्रोत सामग्री जुटाई, स्थानीय भन्दा बाहिरका स्थानहरुमा पनि लैजानु पर्ने जस्ता सुझावहरु उल्लेख गर्नु भएको पाईयो ।

आचार्य सन् (२००४) ले माध्यमिक तहको सामाजिक शिक्षामा शिक्षण सामग्रीको उपलब्धता र प्रयोगको अवस्थाको बारेमा अध्ययन गर्नुभएको थियो । उक्त अध्ययनका लागि भौगोलिक अवस्थितिका आधारमा बाँके जिल्लाका २४ वटा सामूदायिक मा.वि. लाई छनौट गर्नु भएको थियो । छनौटमा परेका विद्यालयका प्र.अ. विषय शिक्षकसँग अन्तरवार्ता, छलफल तथा कक्षा अवलोकनका आधारमा तथ्याङ्क संकलन गर्नु भएको थियो । उहाँले अध्ययनको प्राप्तीका रुपमा सामाजिक शिक्ष शिक्षणको लागि शिक्षक निर्देशिकामा उल्लेख भएका शैक्षिक सामग्रीको अभाव रहेको, सामाजिक शिक्षा शिक्षण सम्बन्धि सामाग्रीहरुेका बजारमा पनि अभाव रहेको, समाजिक शिक्षालाई सामान्य र सरल विषयको रुपमा लिइएको, सामाग्री खरिदका लागि विद्यालयमा आर्थिक स्रोतको अभाव रहेको, तालिम प्राप्त शिक्षकको अभाव रहेको उल्लेख गर्नु भएको पाईयो । उहाँले समस्या समाधानका लागि सुझावको रुपमा सामाजिक शिक्षा शिक्षणमा आवश्यक शिक्षण सामाग्री पाठ्यपुस्तकको परिशिष्टमा उल्लेख गर्नु पर्ने, शिक्षकलाई तालिमको व्यवस्था हुनु पर्ने सामग्री खरिदका लागि विद्यालयमा छुट्टै आर्थिक कोष हुनु पर्ने, शिक्षक निर्मित सामग्री प्रयोग गरिनु पर्ने कुरामा जोड दिनु भएको पाईयो ।

ढकाल (२०५७) ले सार्वजनिक विद्यालयहरुमा कक्ष ८ को सामाजिक अध्ययन विषयमा प्रयोग हुने शिक्षण विधि र विद्यार्थीको उपलब्धि विचको सम्बन्धको बारेमा अध्ययन गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययन प्रक्रियामा विद्यालय छनौट गर्दा जिल्ला शिक्षा कार्यालयबाट उक्त जिल्लामा सञ्चालित विद्यालयहरुको तथ्याङ्क लिई ११७ वटा विद्यालय मध्येबाट १०% अथवा १२ वटा विद्यालयलाई आकस्मिक नमूना छनौट विधिबाट छनौट गर्नु भएको थियो । छनौटमा परेका १२ वटा विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरु, प्रत्येक विद्यालयका कक्षा ८ का २०% विद्याथर्गीहरु, नमूना छनौटमा परेको थिए । अध्ययनका लागि आवश्यक पर्ने साधनका रुपमा शिक्षकका लागि प्रश्नावली, कक्षा

अवलोकन फारम, विद्यार्थी उपलब्धि मापनका लागि बहुवैकल्पिक प्रश्नहरु, खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने, जोडा मिलाउने छोटो उत्तर आउने प्रश्नहरु रहेका थिए ।


यस अध्ययनको प्राप्तीमा कक्षा ८ को सामाजिक अध्ययन विषयको शिक्षक निर्देशिका प्रकाशित नभएको, शिक्षणमा शिक्षकले उचित विधिको प्रयोग गर्न न सकेको , कानून तथा व्यवस्थापन विषय अध्ययन गनरेका शिक्षकहरु द्वारा सामाजिक अध्ययन विषयको शिक्षण गर्ने गरिएको, वार्षिक कार्ययोजनालाई नै पाठ योजना भनेको, अधिकांश शिक्षकले अत्यन्तै कम शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गेको, तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणको उपलब्धिमा समानान्तरको तालिम प्राप्त शिक्षकले पनि शिक्षक केन्द्रित विधि नै अवलम्बन गरेको उल्लेख गर्नु भएको थियो ।

खनाल (२०६७) ले 'सामुदायिक माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षण' शीर्षकमा अध्ययन गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययनमा सामाजिक अध्ययन विषयको शिक्षण अवस्था, शैक्षिक सामाग्री उपलब्धता र प्रयोगको स्थिति पत्ता लगाउने उद्देश्य राख्नु भउको थियो । नमूना छनौट अन्तर्गत नरोदय उ.मा.वि. स्रोत केन्द्र अन्तर्गतका ३ वटा सामूदायिक मा.वि. लाई छनौट गरी उक्त विद्यालयका कक्षा ९ र १० का विषय शिक्षक र विद्यार्थीसँग सूचना लिन अन्तर्वार्ता फारम, कक्षा शिक्षण अवलोकन गर्न कक्षा अवलोकन फारम, प्रयोग गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययनको प्राप्तिमा सामाजिक अध्ययन विषय शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोगमा कमी, स्थानीय सामग्रीको प्रयोगमा कमी, पाठ्यक्रमको प्रयोग नभएको , निर्देशिका उपलब्ध नभएको शैक्षिक योजना निर्माण नगरेको, विद्यार्थी केन्द्रित विधिको प्रयोगमा कमी, मूल्याङ्कन तथा पृष्ठ पोषणमा कमी जस्ता समस्याहरु पाउनु भएको उल्लेख गर्नु भएको थियो । उहाँले उक्त प्राप्ती सम्बन्धी समाधानका लागि सन्दर्भ सामग्रीको व्यवस्था गर्नु पर्ने, वार्षिक कार्ययोजना तथा दैनिक पाठयोजना निर्माण र प्रयोग गर्नु पर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधिलाई बढवा दिनुपर्ने, स्थानीय शैक्षिक सामाग्री निर्माण र प्रयागमा ध्यान दिनु पर्ने, शैक्षिक भ्रमण गराउनु पर्ने, निर्देशिकाको प्रयोग गर्नुपर्ने साथै विद्यार्थी मूल्याङ्कनमा उचित ध्यान पुऱ्याउनु पर्ने सुझावहरु दिनु भएको थियो ।

## २.३ अवधाराणात्मक ढाँचा

यस 'कक्षा-९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप' शीर्षकमा अध्ययन गर्न निम्नानुसारको अवधारणात्मक ढाँचाको निर्माण गरिएको थियो ।

अवधारणात्मक ढाँचा निम्नानुसार तयार पारिएको थियो ।


शिक्षकको पृष्ठभूमि
शैक्षिक योग्यता
शिक्षण अनुभव
शैक्षिक तालिम
लैङ्गिक अवस्था
शिक्षकको उमेर
जात/जाती
विषय विशिष्टीकरण
शिक्षण गर्ने विषय
कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप
शिक्षण क्रियाकलाप
शैक्षिक योजना निर्माण र प्रयोग
कक्षा शिक्षणको सुरुवात
शिक्षण विधिको प्रयोग
शैक्षिक सामग्रीको निर्माण र प्रयोग
पाठको प्रस्तुतीकरण
कक्षा शिक्षण मूल्याङ्कन प्रक्रिया
पाठको समाप्ती
गृहकार्य
कक्षाकोठा व्यवस्थापन
कालोपाटीको व्यवस्था
कक्षाकोठाको सरसफाइ
फर्निचरको व्यवस्था
विद्यार्थी व्यवस्था
विद्यार्थी वसाइको व्यवस्था
प्रकाशको अवस्था
कक्षाकोठा सजावट

## अध्याय तीन

## अध्ययन विधि

कुनै पनि अध्ययनलाई उद्देश्यमुलक ढंगले सञ्चालन गर्नका लागि अपनाइने तरिकालाई अध्ययन विधि भनिन्छ । अनुसन्धानले विषयवस्तुको गहिराइमा पुगी त्यसको वास्तविकता बाहिर ल्याउने कार्य गद्छ । यस अध्ययनमा कक्ष ९ को सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलाप सम्बन्धि तथ्यहरुलाई खोजी गर्न मुख्यतया गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । सूचना संकलन गर्दा अन्तर्वार्ता, कक्ष अवलोकन दस्तावेज अध्ययन, समूह छलफल जस्ता साधनहरुको प्रयोग गरी प्राकृति अवस्थामा नै अध्ययन अवलोकन गरी, नियन्त्रण र परीक्षणको कृत्रिमतालाई हटाई तिनिहरुको स्वतन्त्र स्वरुपलाई नै अध्ययन गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

अध्ययनको प्रकृति, स्वरूप तथा अवस्था स्थितिलाई मध्यनजर गरी त्यसलाई कुशलतापूर्वक सम्पादन गर्न निश्चित योजना तथा कार्यनीतिको जरुरत पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्छ । त्यसकारण अध्ययन अनुसन्धानका लागि तयार पारिएको बृहत योजना तथा कार्यनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । कक्षा ९ को सामाजिक अध्ययनमा शिक्षण क्रियाकलापको अध्ययन गर्न प्र.अ. तथा विषय शिक्षकहरुसँग अन्तर्वार्ता, कक्षा शिक्षणको अवलोकन, विद्यार्थीहरुसँग छलफल तथा दस्तावेजहरुको अध्ययन गरी निम्नानुसारको ढाँचामा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

| क्र.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | शिक्षकहरूको पृष्ठभूमिको पहिचान गर्नु । | सिटरोल फारम | अवलोकन |
| २ | शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनु । | कक्षा अवलोकन,<br>प्रधानाध्यापक,<br>शिक्षक<br>विद्यार्थी | अवलोकन फारम<br>अन्तर्वार्ता<br>अन्तर्वार्ता<br>समूह छलफल निर्देशिका |

### ३.२ जनसंख्या नमूना छनौट

प्रस्तुत अध्ययनका लागि उदयपुर जिल्लाका श्री ज्योति नमूना उ.मा.वि. बेलटार स्रोत केन्द्र अन्तर्गत सञ्चालित उ.मा.वि. तथा मा.वि.हरू क्रमशः श्री ज्योति नमूना उ.मा.वि. वेलटार, श्री शिव मा.वि. सुन्दरपुर, श्री मा.वि. सिवाई, र श्री सत्यदेवी मा.वि. भुल्केका विद्यालयहरूमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने ४ जना कक्षा-९ का शिक्षकहरू, ४ जना प्र.अ. हरू र १ विद्यालयबाट ८ विद्यार्थीका दरले ३२ विद्यार्थीहरू छनौट गरिएको थियो । उपलब्ध साधन स्रोत र समयका कारणले सीमित क्षेत्र र जनसंख्यालाई प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको थियो ।

### ३.२.१ क्षेत्र छनौट

। यस अध्ययनमा क्षेत्र छनौट गर्दा विविध भौगोलिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी Non Probability Sampling अन्तर्गतको convenience sampling विधिको प्रयोग गरी देशभरका ७५ जिल्ल मध्ये पुर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलनका ५ वटा जिल्लाहरु मध्ये उदयपुर जिल्लालाई छनौट गरिएको छ । उदयपुर जिल्लाका विभिन्न स्रोत केन्द्रहरु मध्ये श्री ज्योति नमूना उ.मा.वि. बेलटार स्रोत केन्द्रलाई छनौट गरिएको थियो ।

### ३.२.२ विद्यालय छनौट

यस अध्ययनको क्षेत्र छनौटमा परेको श्री ज्योति नमूना उ.मा.वि. बेलटार स्रोत केन्द्र अन्तर्गतका २१ वटा मा.वि.हरु मध्येबाट सामानय सम्भावना युक्त नमूना छनौट Simple Random Sampling अपनाइ श्री शिव मा.वि. सुन्दरपुर, श्री मा.वि. सिवाई, श्री ज्योति नमूना उ.मा.वि. वेलटार र श्री सत्यदेवी मा.वि. भुत्केलाई नमूना विद्यालयको रुपमा छनौट गरिएको थियो ।

### ३.२.३ प्र.अ. छनौट

माथि उल्लेखित नमूना छनौटमा परेका ४ वटा विद्यालयका प्र.अ.हरुलाई संरचित खुल्ला अन्तर्वार्ताका लागि सूचना संकलन स्रोतको रुपमा छनौट गरिएको थियो ।

### ३.२.४ शिक्षक छनौट

माथि उल्लेखित नमूना छनौटमा परेका ४ वटा विद्यालयका कक्षा ९ मा सामाजिक अध्ययन विषयको अध्यापन गर्ने शिक्षकहरुलाई संरचित खुल्ला अन्तर्वार्ता तथा कक्षा अवलोकनका लागि छनौट गरिएको थियो ।

### ३.२.५ विद्यार्थी छनौट

कक्षा नौ को सामाजिक अध्ययन विषयमा शिक्षण सिकाई क्रियाकलापको अध्ययनका लागि विद्यार्थी छनौट गर्दा नमूना छनौटमा परेका माथि उल्लेखित ४ वटै मा.वि.का कक्षा नौ मा अध्ययनरत छात्र तथा छात्राहरु मध्येबाट ८ जना छात्र र ८ जना छात्राहरुलाई सामान्य नमूना छनौट (simple Random sampling) विधि अपनाई गोलाप्रथा द्वारा छनौट गरी लक्षित समूह छलफलमा सहभागी गराईएको थियो ।

### ३.२.६ कक्षा छनौट

यस अध्ययका लागि नमूना छनौटमा परेका ४ वटा विद्यालयका कक्षा नौ लाई शिक्षण क्रियाकलापको अवलोकन/कक्षा व्यवस्थापनको अवलोकन तथा लक्षित समूह छलफलका लागि नमूना विद्यार्थी छनौटका लागि छनौट गरिएको थियो ।

### ३.३ साधनको निर्माण

तथ्याङ्क संकलनको निमित्त प्रयोग गरिने सामाग्री र औजार अध्ययनका साधनहरू भनिन्छ । अध्ययनको क्रममा प्राप्त गरिने सूचना तथ्य प्रमाण, जानकारी र आँकडाहरू नै तथ्याङ्क हुन । गुणात्मक अनुसन्धानहरूमा विशेष गरी तथ्याङ्कहरू संख्यात्मक हुँदैनन् भए पनि उपयुक्त विधि तथा नियमहरूको प्रयोग गरी गुणात्मक तथ्याङ्कमा रूपान्तरण गर्न सकिन्छ । तथ्याङ्क संकलनको साधनहरूमा अन्तर्वार्ता निर्देशिका, अवलोकन फारामहरू, प्रश्नावली फारमहरू, प्रश्नावली, दस्तावेज अध्ययन, घटनावृत्त अभिलेख, अध्ययन जस्ता साधनहरूको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य पुरा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू सरल एवम् व्यवस्थित रूपमा संकलन गर्नका लागि निम्न साधनहरू निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.३.१ संरचित खुल्ला अन्तरवार्ता अनुसूचि

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरु संकलन गर्ने विभिन्न विधिहरुमध्ये अन्तरवार्ता पनि प्रमुख विधि हो । अन्तरर्वार्ताका सम्बन्धमा Lokesh Kaul (1997) भन्दछन् "the interview is a process of communication or interaction in which subject or interview give the needed information verbaly in a face to fac situation." यसै गरी अन्तर्वार्ताको महत्व वर्णन गर्दै dexter (1970) भन्दछन\ "Interviewee give is the preferred tactic of data collection when in fact it apears that it will get better data, more data or data at less cost than other tactics". यसै सन्दर्भमा Guba and lincoln अगाडि भन्दछन्, "The ability to tape into the experiences of other in their own natural language, whihe utilizing their value and belef frameworks, is virtually impossible without face to face and verbal inter action with them." यसरी अन्तर्वार्ता एक सरल सस्तो तथ्याङ्क संकलन विधि मात्र नभई एक भरपदौ र वास्तविक तथ्याङ्क संकलनको माध्यम हो यो कुराकानीको सरल माध्यम मात्र नभई हाउभाउ, शारीरिक चाल, पहेराई र अनुहारको भावद्धारा व्यक्तिका आन्तरिक विचार र भावनाहरु प्रस्फूटन गर्ने साधन पनि भएकाले यस अध्ययनमा शिक्षक तथा प्र.अ. को धारणा संकलन गर्न अन्तर्वार्ताको छनौट गरिएको हो ।

यस अध्ययनमा लिखित प्रश्नावलीहरुलाई अन्तर्वार्ता अनूसूचि (Interview schedule) मा समावेश गरी, Personal Interview का रुपमा एक पटकमा एक व्यक्तिसँग दुई/दुई पटक अन्तर्वार्ता लिइएको थियो । यस अन्तर्वार्तालाई उद्देश्य केन्द्रित गर्न मुख्य प्रश्नहरुलाई संरचित (structured) गरिएको थियो । यस अन्तर्वार्तामा शिक्षण सिकाई क्रियाकलाप तथा कक्षा व्यवस्थापन सम्बन्धि प्रश्नहरु समावेश गरिएको थियो ।

### ३.३.२ कक्षा अवलोकन फारमः

गुणात्मक मूल्याङ्कन अनुसन्धानहरुमा विश्वसनीयता तथा वैधता कायम गर्ने बहु सूचना संकलनका विधिहरु (Multiple Data Gathering Methods) प्रयोग गरिन्छ । ती मध्ये अवलोकन

(observation) विधि पनि एक प्रमुख विधि हो । अवलोकन भनेको शाब्दिक अर्थमा कुनै नयाँ कुरा प्राप्त गर्नका लागि कुनै व्यक्ति वा वस्तुलाई पटक पटक हेर्ने कार्य (The act of watching sb/sth carefully for a period of time, specialy to (earn sth.) भन्ने बुझिन्छ । अवलोकनलाई P.V. young ले व्यवस्थिति हेराई (Observation may be defind as systematic viewing coupled with consideration of seen phenomenon) भनेकी छन् ।

यस अध्ययनमा कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप तथा कक्षा व्यवस्थापन सम्बन्धि सूचनाहरु संकलन गर्न नमूना छनौटमा परेका ४ वटै विद्यालयका कक्षाहरुको असहभागिता मूलक अनियन्त्रित अवलोकन (Non participant uncontrolled observation) विधि अपनाई convert (विद्यार्थीहरुलाई थाहा नदिई) रुप गरिएको थियो । यस अवलोकनका लागि अवलोकन पूर्व कक्षा अवलोकन फारमको निर्माण गरिएको थियो । जसमा शिक्षण सिकाई क्रियाकलाप तथा कक्षा व्यवस्थापन सम्बन्धित विभिन्न चरहरुको मापन गरी सूचनाको टिपोट गर्ने व्यवसथा गरिएको थियो ।

### ३.३.३ लक्षित समूह छलफल निर्देशिका

गुणत्मक मूल्याङ्कन अनुसन्धानमा प्रयोगमा ल्याईने अर्को महत्वपूर्ण विधि लक्षित समूह छलफल (focus group discussion) हो । लक्षित समूह त्यस्तो विशेष समूह हो, जसको समान उद्देश्य (purpose) समान विशेषताहरु (Characterstics) हुन्छन् । निश्चित आकार (size) र निश्चित प्रक्रियाको आधारमा यसको संचालन गरिन्छ । कुनै पनि कार्यक्रम, मुद्दा, उत्पादन तथा सेवाहरुको (program, issure, product and services) बारेमा अधययन गर्न त्यस्ता पक्षहरुसँग सम्बन्धित व्यक्तिहरु (Participant) को विचार भावना र धारणा बुझ्न जरुरी हुन्छ । उनीहरुको विचार र भावना बुझ्न सम्बन्धित समूहहरुको निर्माण गरी छलफल गराउनु लक्षित समूह छलफल वा हो । यस विधिमा अध्ययन कर्ताले समूह निर्माण गर्दछ र सहभागीहरुमा छलफलको लागि विषयवस्तुहरु राखिदिन्छ । त्यस पछि सहभागीहरु बीचमा छलफल वा अन्तरक्रिया गराउँदछ र अन्तरक्रियाका क्रममा सहभागीहरुले व्यक्त गरेका विचार, भावना, सोचाई, धारणा आदिलाई अनुसन्धान कर्ताले रेकर्ड गर्दछ र त्यसको आधारमा अनुसन्धानको विषयमा अन्तदृष्टि प्राप्त गर्दछ । यस क्रममा अनुसनधान कर्ताले अनुसननको क्रममा सहभागीहरुलाई कुनै प्रकारको नियन्त्रिण र दवाव दिएको हुदैन । सहभागीहरुलाई मनोरञ्जनात्मक वातावरणमा आफ्नो कुरा भन्ने र अरुको कुरा सन्ने आलेचना गर्ने तथा निष्कर्षमा पुग्ने वातावरण निर्माणगर्न अनुसन्धान कर्ताले Moderator को भूमिका खेलेको हुन्छ । लक्षित समूह छलफलको लागि समूह निर्धारण गर्दै एउटा समूहमा ६ देखि १२ जना सम्म सदस्यहरु पर्ने गरी यस ३ देखि ५ वटा सम्म सहमूह निर्माण गर्न सकिने साथै समूह निर्माण गर्दा अध्ययन को उद्देश्य र विषयवस्तुको प्रकृतिले पनि फरक पर्न सक्ने विचार Morgan (1992) ले व्यक्त गरेका छन् ।

यस अध्ययनमा नमूना छनौटमा परेका श्री शिव मा.वि. सुन्दरपुर, श्री मा.वि. सिवाई, श्री ज्योति नमूना उ.मा.वि. वेलटार र श्री सत्यदेवी मा.वि. भुल्के कक्षा ९ मा अधययन गर्ने विद्यार्थीहरु मध्ये प्रध्येक विद्यालयबाट ८ छात्र ८ छात्रा गरी अलग अलग २ समूह निर्माण गरी प्रत्येक विद्यालयमा लक्षित समूह

छलफल संचालन गरिएको थियो । विद्यार्थी छनौट गर्दा  सामान्य सम्भावना यूक्त नमुना छनौट विधिको प्रयोग गरिएको थियो । लक्षित समूह छलफल संचालन गर्न निर्देशिका तयार गरी सोही अनुरुप सांलन गरिएको थियो । मुख्यतय यो छलफल funnel Approach मा आधारित भई सञ्चालन गरिएको थियो ।

### ३.३.४ दस्तावेज अध्ययन

शैक्षिक अनुसन्धानको क्षेत्रमा रेकर्डको विश्लेषणलाई पनि प्रभावकारी अध्ययन साधनको रुपमा उपयोग गरिन्छ । रेकर्ड के हो भन्ने सम्बन्धमा Guba and lincoln भन्दछन्, Any written statement prepared by an individual or an agency for the purpose attesting to an event or providing an accounting हो । यस अर्थमा कुनै घटनाको प्रमाण दिनु वा गणना गरिएको प्रमाण दिनु रेकर्डको उद्देश्य हो । त्यस्तै गरी Dictionary अनुसार "A record as an official written account of proceedins or the known facts regarding some one" भन्ने बुझिन्छ ।

यस अध्ययनमा शिक्षकहरुको पृष्ठभूमिको अध्ययन गर्न विद्यालयमा रहेको सिटरोल फारमको अध्ययन गरी शिक्षकको, शैक्षिक, लैङ्गीक, जातीय, भाषिक, धार्मिक, पृष्ठभूमिको साथै तालिम, अनुभव, उमेर, विषय विशिष्टकरण, सेवाको प्रकार (स्थायी/अस्थायी), नाम, ठेगाना सम्बन्धि तथ्यहरुको टिपोट गरिएको थियो । कतिपय विद्यालयमा सिटरोल फारम नराखिएको पाइएकोमा त्यस्ता विद्यालयहरुको शिक्षक विवरण चार्टको अध्ययन र प्र.अ. सँग सोधपुछ, गरी सूचना संकलन गरिएको थियो । साथै विद्यालयका सामाजिक अध्ययन विषय शिक्षकले निर्माण गरेको वार्षिक कार्य योजनाको समेत अवलोकन गरिएको थियो ।

## ३.४ साधनको वैधता निर्धारण

साधनको वैधता भन्नाले अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पूरा गर्न सक्दछ वा ती साधनले अध्ययनको सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व हुने गरी तथ्याङ्क संकलन गर्न सक्यो वा सकेन भन्ने कुराको निश्चिततालाई बुझाउँदछ ।

यस अध्ययनको वैधता कायम राख्न साधनको निर्माणको चरणबाट नै विशेष ध्यान पुऱ्याइएको थियो । यस अध्ययनमा प्रयोग गरिएका अन्तर्वाता अनूसूचि, कक्षा अवलोकन फारम, लक्षित समूह छलफल निर्देशिका, तयार गर्नु अघि यसका शैद्धिान्तिक तथा व्यवहारिक पक्षका बारेमा व्यापक रुपमा अध्ययन गरिएको थियो । स्थापित Norms मा आधारित भई निर्माण गरिएका उक्त साधनहरुलाई पुनः सहपाठी साथीहरुबीच व्यापक छलफल गरी सुधार गरिएको थियो । त्यस पछि शोध निर्देशकको सल्लाह बमोजिम त्यसलाई सुधार गरी अन्तिम रुप प्रदान गरिएको थियो । सूचना विश्लेषणका क्रममा पनि अलग अलग साधनबाट संकलित सूचनाहरुको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको थियो । एउटै स्रोत केन्द्र भित्र थोरै विद्यालयमा अध्ययन संचालन गरिएको भए पनि भिन्न भौगोलिक र सांस्कृतिक, सामाजिक/शैक्षिक पृष्ठभूमि भएका समूदायका विद्यालयहरुको छनौट Non probalitiy sampling

अन्तर्गतको Purposive samping विधिबाट गरिएको थियो । जसको उद्देश्य भिन्न सामाजिक/शैक्षिक तथा भौगोलिक परिवेशमा पनि यसका निष्कर्षहरुलाई सामान्यीकरण गर्न सकियोस् । यस अध्ययनमा प्रयोग गरिएका साधनहरुको पूर्व परिक्षण गरिएको थिएन ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने विभन्न सूचना संकलन गर्न अध्ययनकर्ता स्वयम् छनौट गरिएका विद्यालयहरुमा गई सूचना संकलनार्थ निर्माण गरिएका साधनहरुको प्रयोग गरी निम्नानुसार सूचनाको संकलन गरिएको थियो ।

#### क) दस्तावेज /रेकर्डको अध्ययन

यस अधययनको उद्देश्यानुरुप कक्षा ९ मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्न छनौट गरिएका ४ वटै विद्यालयका प्र.अ. हरुलाई भेटी आफ्नो परिचय दिई आफूले अध्ययन गर्न लागेको विषय र यसका उद्देश्यका बारेमा जानकारी गराई अध्ययनको लागि अनुमति लिनुका साथै आवश्यक सहयोगको लागि अनुरोध गरिएको थियो । अनुमति प्राप्त भए पछि सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि पत्ता लगाउन शिक्षकको सिटरोल फारमको अवलोकन गर्ने क्रममा २ वटा विद्यालयका स्थायी शिक्षकहरको मात्र सिटरोल फारमा उपलब्ध भएकोमा सिटरोल फारमबाट नै आवश्यक तथ्यहरु टिपोट गरिएको थियो भने २ वटा विद्यालयमा कार्यरत राहत शिक्षकको सम्बन्धित प्र.अ. तथा विषय शिक्षकसँग सोधी विवरण टिपोट गरिएको थियो । यस कार्यका लागि प्रत्येक विद्यालयमा एक एक दिन गरी जम्मा ४ दिनको समय लागेको थियो ।

#### ख) प्र.अ. तथा विषय शिक्षकसँग पहिलो चरणको अन्तरवार्ता

अध्ययनको दोस्रो चरणमा प्रत्येक विद्यालयका प्र.अ. सँग र सोही विद्यालयका सामाजिक अध्ययन विषय शिक्षण गर्ने विषय शिक्षकसँग कक्षा व्यवसपन तथा सामाजिक अध्ययन विषयको शिक्षणमा केन्द्रित भई अन्तर्वार्ता अनुसूचिको प्रयोग गर्दै सौहार्दपूर्ण वातावरणमा अनौपचारिक अन्तरवार्ता लिइएको थियो । अर्न्तार्ताका क्रममा प्राप्त भएका उत्तरहरुलाई नोटबुकमा तत्काल टिपोट गरिएको थियो । प्र.अ. तथा विषय शिक्षकको अन्तर्वार्ता एकान्तमा अलग अलग लिइएको थियो । चारै जना प्र.अ. हरुलाई एकै प्कारका प्रश्नहरु सोधिएका थिए भने चारै जना विषय शिक्षकहरुलाई पनि एउटै प्रकारका प्रश्नहरु सोधिएका थिए । शिक्षक तथा प्र.अ. लाई सोधिएका प्रश्नहरु केहि समान र केहि अलग थिए ।

बीच भागमा टेबल राखी प्रश्न कता एउटा छेउमा र उत्तरदाता अर्को छेउमा कुर्सीमा बसी अन्तर्वार्ता लिइएको थियो । अन्तरर्वार्ताका क्रममा केहि unstructured probe questions पनि सोधिएको थियो । अन्तरवार्ताका क्रममा उत्तरदाताको हाउभाउ र अभिव्यक्तिलाई ख्याल गर्दै यी कुराहरुको समेत तत्काल नोटबुकमा टिपोट गरिएको यिो । टिपोटका क्रममा प्राकृतिक भाषामा नै आविव्यक्तिहरु टिपोट गरिएका थिए ।

प्रश्न सोध्दा एक पटकमा एउटा मात्र प्रश्न सोधिएको थियो । उत्तरका लागि पर्याप्त समय उपलब्ध गराईएको थियो । पाप्त उत्तरप्रति कुनै प्रकारको सम्वेग वा टिका टिप्पणी प्रयोग गरिएको थिएन । समय-समयमा उत्तरदातालाई विषयवस्तुमा केन्द्रित गरिएको थियो ।

चारवटा विद्यालयमा यसका लागि जम्मा ४ दिन समय खर्च भएको थियो ।

**ग) कक्षा अवलोकन**

प्रत्येक ४ वटा विद्यालयमा पटक कक्षा अवलोकन गरिएको थियो । प्रत्येक पटक कक्षा अवलोकन गर्दा यसको जानकारी सम्बन्धित शिक्षक र विद्यार्थीहरुमा गराईएको थिएन । अवलोकनका क्रममा अवलोकन कर्ता कक्षाको पछाडि बसी अवलोकन फारम गरी अवलोकन सम्पन्न गरिएको थियो । अवलोकन फारममा विभिन्न चरहरु उल्लेख गरी त्यसको अवस्था अनुरुप विभिन्न स्केलमा चिन्ह लगाई वा विद्यार्थीलाई कुने सल्लाह सुझाव वा कुनै बाधा पुयाउने कार्य गरिएको थिएन । अवलोकन पश्चात सम्बन्धित शिक्षकलाई धन्यवाद प्रदान गरिएको थियो । अवलोकनगर्दा प्रत्येक पटक ३ देखि ५ दिनको फरकम, गरिएको थियो । अवलोकन पश्चात कुने प्रकारको पृष्ठपोषण प्रदान गरिएको थिएन । यस अवलोकनका क्रममा जम्मा १६ दिन समय लागेको थियो । ग) प्र.अ. तथा विषय शिक्षकसँग दोस्रो चरणको अन्तर्वार्ता

कक्षा अवलोकनको अन्तिम चरण सकिए पछि प्रत्येक विद्यालयका प्र.अ. तथा विषय शिक्षकसँग पुनः संक्षिप्त अन्तर्वार्ता लिइएको थियो । यस क्रममा पहिलो अन्तर्वार्तामा प्राप्त उत्तर कक्षा शिक्षणको अवस्थामा संकलित तथ्य बीचमा फरक परेका वा अस्पष्ट भएका विषयमा थप स्पष्टिकरण लिइएको थियो ।

**घ) लक्षित समूह छलफल**

शिक्षण क्रियाकलापम तथा कक्षा व्यवस्थापनसँग सम्बन्धित सूचनाहरु संकलन गर्ने उद्देश्यले प्रत्येक विद्यालयका ८ जना छात्र र ८ जना छात्रहरु छनौट गरी ४ वटै विद्यालयमा अलग अलग लक्षित समूह छलफल सञ्चालन गरिएको थियो । विद्यार्थीहरुलाई छात्र र छात्राको अलग अलग दुई समूह निर्माण गरिएको थियो । विद्यार्थीहरुलाई अलग कक्षामा यू आकारमा बस्ने व्यवस्था मिलाईएको थियो । मध्यस्थ कर्ताको रुपमा अनुसन्धाता दुवै समूहका बीचमा बसी छलफल संचालन गर्ने व्यवस्था मिलाइएको थियो । विद्यार्थीहरुलाई केहि आवश्यक कुरा टिपोट गर्नको लागि १ पाना फुलिस्केप कागज उपलब्ध गराईएको थियो । लक्षित समूह संरचना निर्माण गर्दा More Structured / Less Structured Group को बीचको Funnel Structure Approach को आधारमा गरी सुरुमा खुल्ला रुपमा छलफल गर्न दिई अन्त्य तिर बन्द प्रकारका प्रश्नहरु सोधिएको थियो । कार्यक्रमको संचालन गर्दा पूर्व निर्कारित छलफल निर्देशिकाको सहयोग लिईएको थियो । छलफलमा राखिएका मुख्य एजेण्डा र त्यसमा प्राप्त मुख्य विचारहरुलाई टिपोट गर्दै अन्तमा त्यसको निचोड निकाल्ने कार्य गरिएको थियो । छलफलका क्रममा कक्षा व्यवस्थापन, शिक्षक योजना, शिक्षकको प्रस्तुतिकरण, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया, गृहकार्य, जस्ता

विषयसँग सम्बनिधत प्रश्नहरु माथि छलफल गरिएको थियो । छलफलको सुरुवात परिचय कार्यक्रमबाट गरी, छलफलको प्रक्रिया, उद्देशय, तथा पालना गर्नुपर्ने नियम स्पष्ट पारिएको थियो । छलफल कार्यक्रमहरु लगभग २ घण्टा सम्म सञ्चालन भएका थिए । ४ वटा विद्यालयमा छलफल कार्यक्रम संचालन गर्दा प्रति विद्यालय एक दिनका दरले जम्मा ४ दिन समय लागेको थियो ।

### ३.६ सूचना विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको उक मात्र उद्देश्य प्राप्तिहरुको विकास गर्नु हो अथवा संकलित सूचनाहरुबाट सारतत्व निकालेर त्यसलाई संचारयोग्य बनाउनु, विश्लेषणको प्रमूख उद्देश्य हो । गुणात्मक विश्लेषणको सम्बन्धमा M.Q. patton भन्दछन् "Analysis is the process of bringing order to the data, organizing what is their into patterns, categories and basic discriptiv units" यस अर्थमा विश्लेषण भन्नाले सूचनाहरुलाई क्रममा मिलाउनु तथा सूचनाहरुमा निहित ढाँचाहरु बर्गहरु र आधारभूत व्याख्यात्मक इकाईहरुलाई संगठित गर्ने प्रकृया हो ।

यस अध्ययनमा अन्तरर्वार्ता, कक्षा अवलोकन लक्षित समूह छलफल तथा दस्तावेज/रेकर्ड अध्ययनबाट प्राप्त गरिएका सूचनाहरुलाई आवश्यकता अनुसार वर्गीकरण गरी, तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकीकरण गरिएका सूचनाको तुलनात्मक अध्ययन गरी वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण गरी प्रस्तुत गरिएको छ । एउटा स्रोतबाट प्राप्त सूचनालाई अन्य स्रोतबाट प्राप्त सूचनाहरुसँग Triangulation गरी निष्कर्षमा पुगिएको छ ।

### ३.७ नैतिकताको मापदण्डहरू

यस अध्ययनका सूचना संकलन देखि सूचना विश्लेषण व्याख्या र निष्कर्ष निकाल्दा समेत नैतिक पक्षलाई विशेष ध्यान दिईएको थियो । सूचनादाताको गोपनीयतालाई ध्यान दिदै, उनीहरुको नाम र उनीहरुले बोलेका कुराहरु कुन व्यक्तिले के भनेको थियो वा के गरेको थियो भनी व्यक्ति किटानी गरिएको छैन । उनीहरुको प्रतिष्ठा, आत्मसम्मान, मुल्य मान्यता, तथा विश्वासमा ठेस पुग्ने प्रकारका प्रश्नहरु, व्यवार वा कुने कार्य गरिएको थिएन । उत्तरदातालाई कुनै प्रकारको दवाव, डर, प्रलोभन नदेखाई स्वतन्त्र रुपमा उनीहरुका विचारको अविव्यक्ति गर्ने मौका प्रदान गरिएको थियो । प्राप्त सूचनलाई कर्त नवडयाई, कुनै व्यक्ति वा संस्था प्रति पुर्वाग्रह नराखी यथार्थ रुपमा प्रस्तुत गरी त्यसको विश्लेषण र व्याख्या गरिएको छ ।

# अध्याय चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान कार्यमा तथ्याङ्क संकलन गरी सकेपछि ती तथ्याङ्कहरुको उपयूक्त ढंगले विश्लेषण र व्याख्या गर्नु पर्ने हुन्छ । सूचनाको विश्लेषण र व्याख्या गरेपछि मात्र अध्ययनको निष्कर्ष निकाल्न सकिन्छ ।

यस 'कक्षा ९ को सामाजिक अधययन विषयमा शिक्षण सिकाई क्रियाकलाप' शीर्षक रहेको अध्ययनमा विभिन्न साधनहरुको प्रयोग गरी विभन्नि स्ोतबाट प्रापत सूचनालाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ शिक्षकको पृष्ठभूमि सम्बन्धी सूचनाको विश्लेषण

शिक्षकको पृष्ठभूमि सम्बन्धी सूचना प्राप्त गर्न विद्यालयहरुमा गई रेकर्डको अध्ययन तथा प्र.अ. सागको सोधपुछ बाट निम्नानुसारको विवरण प्राप्त भएको थियो ।

**तालिका नं. १**

**शिक्षकको पृष्ठभूमिको अवस्था**

| शिक्षक विवरण | विद्यालयगत सामाजिक विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | श्री ज्योति नमूना उ.मा.वि. | सत्यदेवी मा.वि. भुल्के | शिव मा.वि. | मा.वि. सिवाई सुन्दरपुर |
| स्थायी ठेगाना | तिलाठी-४ सप्तरी | चौदण्डी २ उदयपुर | सुन्दरपुर ५ उदयपुर | राजविराज १० सप्तरी |
| जातजाति | थारु | तामाङ | ब्राह्मण | ब्राह्मण |
| मतृभाषा | थारु | तामाङ | नेपाली | मैथिली |
| धर्मिक अवस्था | हिन्दू | बौद्ध | हिन्दू | हिन्दू |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ४४ वर्ष | ३३ वर्ष | ३० वर्ष | ५१ वर्ष |
| शैक्षिक योग्यता | बी.ए. | बी.एड | बी. एड | बी.ए. |
| तालिमको अवस्था | अप्राप्त | प्राप्त | प्राप्त | अप्राप्त |
| बिषय विशिष्टीकरण | राजनीति शास्त्र , इतिहास | अर्थशास्त्र | अंग्रजी | राजनीति शास्त्र |
| शिक्षण अनुभव वर्ष | १५ वर्ष | ५ वर्ष | ४ वर्ष | २८ वर्ष |
| स्थायी, अस्थायी | स्थायी | राहत | राहत | स्थायी |
| शिक्षकको नाम | रमाकान्त चौधरी | पदम तामाङ्ग | विरेन्द्र प्रसाद बास्तोला | महेशकुमार झा |

स्रोत: स्थलगत अध्ययन, २०६८

माथि उल्लेखित तालिकाको विवरणको आधारमा कक्षा ९ मा सामाजिक अध्ययन विषयको शिक्षण गर्ने शिक्षकको पृष्टभूमिलाई यस प्रकार व्याख्या गरिएको छ ।

उपरोक्त ४ वटा विद्यालयमा कार्यरत रहेका शिक्षक मध्ये २ जना शिक्षकहरु उदयपुर जिल्लाका स्थानीय समुदायका रहेका पाइयो भने २ जना छिमेकी जिल्ला सप्तरीका रहेको  पाईयो । शैक्षिक योग्यताको अध्ययन गर्दा सबै शिक्षकहरुले शिक्षा नियमावलीले निर्धारण गरेको स्नातक तह उत्तीर्ण गरेको पाइयो । कार्यरत मध्ये २ जना शिक्षक शिक्षकहरु तालिम अप्राप्त रहेको पाईयो । कार्यरत शिक्षकहरु मध्ये २ जना स्थानीय शिक्षकहर राहत दरबन्दिमा रहेका पाईयो भने बाँकी २ जना शिक्षकहरु स्थायी दरवन्दीमा कार्यरत रहेको पाईयो । विषय विशिष्टीकरणको अवस्था हेर्दा ३ जना शिक्षकहरुले सामाजिक शास्त्रहरुबाट नै स्नातक गरेको र एक जनाले अंग्रेजी विषयमा विशिष्टि करण गरेता पनि सामाजिक अध्ययन विषय समेत उनैले अध्यापन गर्ने गरेको पाइयो । विषय समेत उनैले अध्यापन गर्ने गरेको पाईयो । शिक्षकहरुको अनुभव हेर्दा स्थायी पदमा कार्यरत शिक्षकहरु १५ वर्ष र २८ वर्षको शिक्षण अनुभव प्राप्त भएको बाँकी २ राहत शिक्षकहरु क्रमश ५ र ४ वर्षको अनुभव रहेको पाईयो । जातीगत पृष्टभूमि हेर्दा २ जना शिक्षकहरु ब्राह्मण भएको । त्यसमध्ये एक जना तराई मूलको र एक जना पहाडे मूलको रहेको पाईयो भने अन्य २ जनजातीहरु रहेको पाईयो । मातृभाषाको अध्ययन गर्दा एकको तामाङ, एकको थारु, एकको नेपाली, र एकको मैथिल रहेको पाईयो । धर्मको अवस्था हेर्दा एक जना बौद्ध र ३ जना शिक्षक हिन्दु धर्मावलम्बी रहेको पाईयो । लिङ्ग गत आधारमा ४ जना शिक्षकहरु सबै पुरुष रहेको पाईयो । उमेरको आधारमा उकजना ५० वर्ष नाघेको एक जना चालीस र अन्य दुई जना ३० वर्ष भर्खर नाघेको पाईयो ।

### ४.२ शिक्षण क्रियाकलापको अवस्था

शिक्षण क्रियाकलाप भनेको विषयवस्तु, शैक्षिक वातावरण बीचको योजना बद्ध र नियन्त्रित सम्वन्ध हो । शैक्षिक अनुभवहरू प्रदान गर्नका लागी शिक्षक र विद्यार्थीहरू विषयवस्तुमा विभिन्न शैक्षिक क्रियाकलापहरूमा संलग्न हुन्छन । अतः शिक्षक विद्यार्थीहरूले विषयवस्तुमा शैक्षिक सामग्री, शैक्षिक वातावरण तयार गरी शिक्षण विधि प्रयोग गरेर गरिने अन्तरक्रियात्मक क्रियाकलापलाई शिक्षण सिकाई क्रियाकलाप भनिन्छ । विद्यार्थीहरूमा विविध रुची, चहाना प्रवृति तथा आवश्यकता हुन्छन । साथै विविध क्षमता हरू पनि हुन्छन र यी सम्पूर्ण कुराहरूलाई ध्यान दिएर शिक्षण गर्नु कूशल शिक्षकको कर्तव्य ठर्हछ । विषयबवस्तुको जटिलता तथा कठिनाईस्तर उपलब्ध समय, साधन श्रोत तथा विद्यार्थीहरूलाई सिकाई अवसर, पृष्टपोषण र मूल्याङ्कन जस्ताविविध पक्षहरूमा समेत ध्यान दिनूपर्छ । पाठ्यवस्तु सूरुवात गर्नु पूर्व विद्यार्थीहरूमा ती सिकाई अनुभवहरू प्राप्त गर्न सक्ने पूर्व ज्ञान के कस्तो छ भनि पहिचान गर्नु पर्दछ । त्यसकारण शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनका लागि प्र.अ.सँग अन्तर्वार्ता अनुसूची ङ, शिक्षकसँग अन्तर्वार्ता अनुसुची च, कक्षा शिक्षण अवलोकन फाराम अनुसूची छ र विद्यार्थीसँग समूह छलफल निर्देशिका अनुसूची ज बाट प्राप्त तथ्याङ्कलाई संक्षिप्त रूपमा तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ शैक्षिक योजनाको निर्माण तथा प्रायोगको अवस्था

दैनिक पाठयोजनाको निर्माण अधिकांश शिक्षकले निर्माण र प्रयोग नगरेको पाईयो । नबनाउनुको कारण सोध्दा लिखित रुपमा नबनाएपनि मनमनै योजना बनाउने गरेको पाईयो ।

वार्षिक कार्य योजना अधिकांश विद्यालयहरुले बनाएको पाईयो भने एउटा विदालयमा नबनाइएको र विर्द्यीहरुबाट वार्षिक योजना अनुरुप शिक्षण हुने नगरेको भन्ने जवाफ पाइयो ।

विद्यालयमा हाल सालै शिक्षण सूधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन शिक्षकहरुलाई तालिम दिइएको भएता पनि एउटा विद्यालयमा मत्र यो योजना निर्माण गरी कार्यान्वयनको चरणमा रहेको पाइयो भने बाँकी विद्यालयहरुले निर्माणको चरणमा रहेको बताएको पाईयो ।

केहि विद्यालयमा शिक्षक तथा प्र.अ.को अन्तर्वार्तामा योजना निर्माण भएको जवाफ आउको भए पनि विद्यार्थीहरुले उक्त कुरा अस्वीकार गनेका थिए

### ४.२.२ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

अन्तर्वार्ता, कक्षा अवलोकन तथा विद्यार्थीसँग गरिएको समूह छलफलबाट शैक्षिक सामग्रीको प्रयोग सम्बन्धि प्राप्त सूचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शैक्षिक सामग्रीको प्रयोगको अवस्था हेर्दा श्रव्य दृव्य सामाग्रीको नगण्य मात्रामा प्रयोग भएको पाईयो । विद्यालयमा Computer, Video Deck, जस्ता सामाग्रीको अभाव रहेको र भएका विद्यालयहरुमा पनि विषयवस्तुको अभाव भएकाले यसको प्रयोग गर्न नसकिएको भनाई प.अ. तथा शिक्षकहरुको थियो । एउटा विद्यालयले भने स्वास्थ्य सम्बन्धि टेलिफिल्म देखाएको पाईयो । विद्यार्थीहरु श्रव्य दृव्य सामाग्री प्रति आकार्षे त भएको पाइयो

ग्राफ, चाट, नक्सा तथा ग्लोव धेरै विद्यालयहरुमा आवश्यकता अनुसार प्रयोग हुने गरेको पाईयो भने केहि विद्यालयले यसको न्यून प्रयोग गर्ने गरेको कुरा विद्यालयसँगको छलफलमा स्पष्ट भएको थियो ।

समाचार पत्र तथा नमूनाहरुको प्रयोग ज्यादै न्यून रुपमा हुने गरेको पाईयो । यस सम्बन्धमा जिज्ञासा राख्दा, समाचारपत्र तथा मोडेलको खोजी गर्ने समय नरहेको, केहि शिक्षकले त्यस तर्फ सोच्ने जवाफ दिएका थिए ।

पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग २ वटा विद्यालयमा प्रयोग भएको पाईयो भने २ वटा विद्यालयमा यसको उपलब्धता नभएको पाईयो । यसको सुलभता नभएको सम्बन्धित शिक्षा प्र.अ.को भनाई थियो । कालोपाटी तथा पाठ्यपुस्तकको प्राय सबै विद्यालयहरुमा प्रयोग भएको पाईयो । भने बुलेटीन बोर्ड एउटा विद्यालयमा र एउटा विद्यालयमा हिस्प्ले बोर्डको सामान्य प्रयोग भएको पाईयो ।

### ४.२.३ शिक्षण विधिको प्रयोगको अवस्था:

शिक्षण विधिको प्रयोगको अध्ययन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका विधिहरु के कति मात्रामा प्रयोग भए भन्ने कुारमा ध्यान पुऱ्याईएको थियो ।

अधिकांश विद्यालयहरुले पाठ्यक्रमले निर्दिष्ट गरेका छलफल र प्रश्नोत्रर विधिहरुको प्रयाग गरेका थिए । अधिकांश शिक्षक तथा विद्यार्थीहरुले पनि थिनै विधहरु प्रयोग गर्ने गरेको बताएका थिए । समस्या समाधान अभिनय, प्रयोगात्मक, विधिहरुको नगन्य प्रयोग भएको पाईयो । अवलोकन, क्षेत्र भ्रमण , प्रदर्शन जस्ता विधिहरुको मध्यम स्तरीय प्रयोग भएको पाईयो । क्षेत्र भ्रमणलाई मनोरञ्नात्मक दृष्टिले वर्षको एक पटक गर्ने गरेको पाईयो भने एउटा विद्यालयले बार्षिक रुपमा पनि क्षेत्र भ्रमण गराईएको पाईएन । स्थानीय महत्पूर्ण क्षेत्रहरुको भ्रमण केहि विद्यालयले मात्र सीमित रुपमा गराएको पाईयो । केहि शिक्षकले प्रत्येक पाठमा व्याख्यान विधिमा आवश्यकता भन्दा बढि जोड दिएको पाईयो । केहि विद्यार्थीहरुले एकै किसिमको झर्को लाग्दो विधिको प्रयोगले कक्षा नरमाईलो हुने गरेको विचार व्यक्त गरेका थिए ।

### ४.२.४ पाठको सुरुवात

कक्षा शिक्षण गर्दा शिक्षकले पाठको सुरुवात वा विषय प्रवेश निम्नानुसार गरेका थिए:

**तालिका नं. ५**

**पाठको सुरुवात विवरण तालिका**

| क्र.सं. | विद्यालयको | पाठ प्रवेशको विभिन्न तरिका | | | |
|---|---|---|---|---|---|
| | नाम | प्रथम अवलोकन | दोस्रो अवलोकन | तेस्रो अवलोकन | चौथो अवालोकन |
| १ | ज्योति न.उ.मा.वि. | पूर्व पाठको पुनरावलोकन | पूर्व पाठको पुनरावलोकन | चुटकिला भनेर | सोझै विषय प्रवेश |
| २ | सत्यदेवी मा.वि. | पाठसँग सम्बन्धित पूर्व प्रश्नहरु सोधेर | पाठको पुनरावलोकन गरेर | पाठको पुनरावलोकन गरेर | पाठको पुनरावालोकन गरेर । |
| ३ | शिव मा.वि. | पाठसँग सम्बन्ति पूर्व प्रश्नहरु सोधेर | पाठको पुनरावलोकन | पाठसँग सम्बन्धित घटना सुनाएर | पूर्व पाठसँग सम्बन्धित प्रश्नहरु गरेर |
| ४ | मा.वि. सिवाई | विषय वस्तुमा सोझै प्रवेश | विषयवस्तुमा सोझै प्रवेश | विषयवस्तुमा सोझै प्रवेश | विषयवस्तुमा सोझै प्रवेश |

तालिकामा देखाइए अनुसार तीन जना शिक्षकले पाठमा प्रवेश गर्नु अघि पूर्वपाठको विभिन्न तरिकाले पुनरावलोकन गरी त्यस दिनको पाठको विषयवस्तुमा प्रवेश गरेका थिए भने एक जना शिक्षकले सोझै पाठको सुरुवात गरेका थिए । पाठको सुरुवात गर्दा एक जना शिक्षकले चुटकिला सुनाएर पनि गरेका थिए ।

### ४.२.५ विषय वस्तुको प्रस्तुतिकरण

४ जना शिक्षकहरुको कक्षा अवलोकन गर्दा विषयवस्तुको प्रस्तुतीकरण गर्ने शैली भिन्न भिन्न पाईयो, तराई मूलका शिक्षकको नेपाली भाषाको उच्चारणमा कठिनाई तथा शुद्धतामा कमी रहेको पाईयो । अनुभवी भए पनि उमेर ढल्केका शिक्षकले भन्दा यूवा शिक्षकहरुले जोश जाँगरका साथ शिक्षण गरेको पाईयो । विषयवस्तु प्रस्तुत गर्दा २ शिक्षकले पाठ्यपुस्तक हेरेर त्यसका अनुच्छेदको व्याख्या गर्दै शिक्षण गरेका थिए भने एक शिक्षकले विद्यार्थीलाई पालै पालो एक एक अनुच्छेद पढन लगाएका थिए । त्यस्तै एक जनाले भने पुस्तकको सहारा नलिई विषयवस्तुको बारेमा प्रश्नोत्तर विधिको प्रयोग गर्दै शिक्षण गर्ने गरेको पाईयो ।

### ४.२.६ विद्यार्थी सहभागिता र सक्रियता

कक्षा अवालेकन गरिएका ४ जना शिक्षकहरु मध्ये २ जना स्थायी शिक्षकको तुलनामा अन्य २ जना राहत शिक्षकको कक्षामा विद्यार्थीहरु बढी क्रियासिल रुपमा सहभागी भएका थिए । कक्षा कार्य, छलफल, प्रश्नोत्रर जस्ता क्रियाकलापमा शिक्षकले सबै विद्यार्थीहरुलाई सक्रिय बनाउने प्रयास गरेका थिए । सबैले क्रियाकलापमा भाग लिए नलिएको अवलोकन गरी कम सक्रिय विद्यार्थीलाई पालो दिई क्रियाकलापमा सहभागी गराएका थिए ।

अन्य २ जना मध्ये एक शिक्षकको शिक्षणमा केहि जाने विद्यार्थीहरु बढी सक्रिय थिए भने अरु विद्यार्थीहरुको सक्रियता न्यून थियो । अर्को एक शिक्षकले व्याख्यान विधिमा बढी जोड दिएका कारण विद्यार्थीहरु धेरै जसो निष्क्रिय स्रोताको रुपमा रहेका थिए ।

### ४.२.७ उत्प्रेरणको प्रयोग

विद्यार्थीहरु सम्बन्धित विषयवस्तु वा क्रियाकलाप प्रति रुचि जगाई सिकाई गर्न उत्प्रेरित गर्ने कार्य नै उत्प्रेरणा हो । यस अध्ययनका क्रममा २ जना शिक्षकहरुले विद्यार्थीहरुलाई पाठको महत्व बुझाई पाठ प्रति उत्प्रेरित गरेको पाईयो । कमजोर विद्यार्थीहरुलाई पनि बारम्बार हौसला प्रदान दैं उनीहरुले गरेका क्रियाकलाप प्रति शिक्षकले प्रशंसा गर्दै धन्यवाद प्रदान गरेका थिए ।

एकजना शिक्षकले भने कडा मिजासका साथ प्रस्तुत भई विद्यार्थीहरुलाई क्रियाकलापमा लाग्न बाध्य बनाएका थिए । उनले बेला बेलामा निष्क्रिय रहेका विद्यार्थीहरुलाई तिमी के गर्दै छौं । 'किन ध्यान नदिएको ?' जस्ता वाक्यहरु प्रयोग गरी ध्यान आकर्षण गराएका थिए । अर्का एक जना शिक्षकले भर्न विद्यार्थीको उत्प्रेरणा तर्फ खासै ध्यान नपुऱ्याएको पाईयो । उनको कक्षाहरुमा विद्यार्थीहरुले पढाई प्रति त्यति चासो नराखेको पाईयो । विद्यार्थीसँगको छलफलका क्रममा दुई जना शिक्षकको कक्षा रमाईलो हुने गरेको प्रतिक्रिया दिए भने अनय दुई जना मध्ये एको ठिकै र एकको अल्छि लाग्दो भएको टिप्पणी गरेका थिए ।

### ४.२.८ शिक्षक विद्यार्थी सम्बन्ध

शिक्षण सिकाईलाई प्रभावकारी बनाउने महत्वपूर्ण तत्व मध्ये शिक्षक विद्यार्थी बीचको आपसी सम्बन्ध पनि एक हो । शिक्षले विद्यार्थीहरु प्रति गर्ने व्यवहार एक सहयोगीको जस्तो भए सम्बन्ध राम्रो हुने र अल्छी गर्ने, विद्यार्थीको मनोभावनाको उपेक्षा गर्ने, दमनकारी र सर्वाधिकारवादी शिक्षकसँग विद्यार्थीको सम्बन्ध सुमधुर हुन सक्दैन ।

यस अध्ययनमा २ जना शिक्षकहरुसँगको विद्यार्थी सम्बन्ध अति नै सुमधुर रहेको पाईयो । शिक्षकसँग विद्यार्थीहरु भावनात्मक रुपमा नजिक रहेको, शिक्षकलाई सम्मान गर्ने गरेको, आफूलाई लागेको कुरा शिक्षकसँग निसंकोच प्रकट गरेको शिक्ष्ँकले विद्यार्थीलाई नामले बोलाएको जस्ता आधारमा यसको मूल्याङ्कन गरिएको थियो । एक जना शिक्षकसँगको सम्बन्ध सामान्य पाईयो भने अर्का एक जना शिक्षकसँगको विद्यार्थी सम्बन्ध नकारात्मक भएको पाईयो । विद्यार्थीलाई डर त्रसिको वातावरण सिर्जना गरी शिक्षण गरेको कारण उनीसँग विद्यार्थीहरुले कुनै प्रतिक्रिया प्रकट नगरी शिक्षकले सोधेको बेला मात्र बोल्ने र अरुबेला चुपचाप रहेको पाईयो । यस कार्यले विद्याथीको सिकाई कार्यमा बाधा पुगेको पाईयो ।

### ४.२.९ निरन्तर विद्यार्थी मूल्याङ्कन

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाईको एक अभिन्न अंग मानिन्छ । शिक्षकले आफूले गरेको शिक्षणले शिक्षणको उद्देश्य के कति पुरा भईरहेको छ ? शिक्षणमा के कस्तो सुधारको आवश्यकता छ भन्ने कुराको बारम्बार मूल्याङ्कन गर्नु पर्दछ ।

यस अध्ययनमा अवलोकन गरिएका ४ जना शिक्षकको कक्षा शिक्षणका क्रममा तीन जना शिक्षणले आफ्नो शिक्षणको बीचबीचमा विभिन्न प्रश्नोत्तर मार्फत मूल्याङ्कन गरेको पाईयो भने ती मध्ये २ शिक्षकले कक्षाको समाप्ति पनि कार्यलयमा गई आफ्नो शिक्षणको सवल दुर्वल पक्षको मूल्याङ्कन गरी नोटबुकमा टिपोट गरेको पाईयो । एक जना शिक्षकले भने कक्षाको अन्तमा सामान्य प्रश्नहरु सोधी मूल्याङ्कन गरेको पाईयो । विद्यार्थीहरुसँगको छलफलका क्रममा ३ जना शिक्षकले मूल्याङ्कन गर्ने गरेको र एक जना शिक्षकले राम्रारी मूल्याङ्गनमा ध्यान दिने नगरेको कुरा व्यक्त गरेका थिए ।

### ४.२.१० पाठको समाप्ति

पाठको समाप्ती गर्दा २ जना शिक्षकहरुले पाठको समाप्ती गर्नु अघि त्यस दिनको पाठको छोटो पुनरावलोका गरी विद्यार्थीहरुलाई सारांश बताउने गरेको पाईयो भने अन्य २ जना शिक्षकहरुले पाठको पुनरावलोकन नगरी सोझै पाठको अन्त्य गरेको पाईयो ।

### ४.२.११ गृहकार्य

अधिकांश शिक्षकहरुले विद्यार्थीहरुलाई पाठ्य पुस्तकमा दिईका क्रियाकलापहरुबाट गृहकार्य गर्न लगाएको पाईयो । गृहकार्यको नियमित परीक्षण भने २ जना शिक्षकहरुबाट मात्र हुने गरेको कुरा

विर्द्यीसँगको छलफलबाट स्पष्ट भयो । अन्तरवार्ताका क्रममा शिक्षकहरुले गृहकार्य दिनेगरेको बताएका थिए ।

### ४.३ कक्षा व्यवस्थापन

शिक्षण सिकाई क्रियाकलापमा कक्षाकोठाको व्यवस्थापनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सफल शिक्षणका लागि कक्षाकोठाको आकार, संवाहन प्रकाश, फनिचर, बसाई, सरसफाई सजावट जस्ता पक्षहरुको व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यस अध्ययनमा कक्षा अवलोकन गरी प्राप्त गरिएका सुचनाहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**कक्षा व्यवस्थापन**

| भौतिक व्यवस्थापन | विद्यालय | | | |
|---|---|---|---|---|
| | ज्योति नमूना उ.मा.वि. | सत्यदेवी मा.वि. भुल्के | शिव मा.वि. सुन्दुरपुर | मा.वि. सिवाई |
| कक्षाको आकार | ५ \|१० व.मि. | ४.५ \|९ व.मि. | ५ \|९ व.मि | ५ \|१० व.मि |
| कालोपाटीको रखाई र आकार | उपयुक्त | उपयुक्त | उपयुक्त | उपयुक्त |
| कक्षाकोठाको सरसफाई | मध्यम | राम्रो | राम्रो | राम्रो |
| फर्निचरको व्यवस्था | पर्याप्त | पर्याप्त | पर्याप्त | पर्याप्त |
| विद्यार्थीको बसाईको अवस्था | छात्र र छात्रा एउटै बेन्चमा | छात्र छात्रा एउटै बेन्चमा | छात्र र छात्रा फरक फरक लाइनमा | छात्र र छात्रा एउटै वेन्चमा |
| संवाहन | उपयुक्त मात्रामा | उपयुक्त मात्रामा | उपयुक्त मात्रामा | सामान्य मात्रामा |
| कक्षाकोठा सजावट | महत्त्वपूर्ण व्यक्तिका तस्विर | महत्त्वपूर्ण भनाईहरू लेखिएको चार्ट | तस्विर, चार्ट | अनुशासन सम्बन्धी लेखिएको चार्ट |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

कक्षाको कोठाको व्यवस्थापन को अवस्था समगमा ४ वटै विद्यालयहरुमा राम्रो रहेको पाईयो । कक्षाको आकार प्रति विद्यार्थी १ वर्ग मिटर हुनु पर्ने मानक सबै विद्यालयहरुमा पुरा भएको पाईयो । सवाहन, प्रकाशन फर्निचरको व्यवस्थामा कुनै कमी पाईएन । कक्षाको सरसफाई तथा सजावटमा भर्न २ वटा विद्यालयमा राम्रो अवस्था पाईयो भने २ वटा विद्यालयमा निम्न स्तरको भएको पाइयो । शैक्षिक सामग्रीलाई प्रयोग गरेपछि सुरक्षित गरी कक्षमा नै राख्ने व्यवस्था एउटा विद्यालयमा कक्षामानै दराज रहेको पाईयो भने एउटामा बाकस रहेको पाईयो । बाँकी २ वटा विद्यालयमा सामग्री राख्ने व्यवस्था नभएकोले सामग्रीको सुरक्षा नभएको पाईयो । कक्षामा विद्यार्थीहरुलाई बस्नको लागि डेक्स बेन्चको व्यवस्था गरी च्यध मा कक्षाको दुवै तर्फ राखी बीचमा खाली राखिएको पाईयो । ग्रुप बर्कको लागि बसाई व्यवस्थापनले केहि अ सजिलो भएको पाईयो । कक्षामा बाह्य ध्वनि प्रदुषणको समस्या, न्यून रुपमा मात्र पाईयो ।

## अध्याय - पाँच

## प्राप्ति, निश्कर्ष र सुझाव

कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण सिकाई क्रियाकलाप शीर्षकमा गरिएको यस अध्ययनका प्राप्ति, निश्कर्ष र सुझावहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ५.१ प्राप्तिहरु

क) शिक्षकको पृष्ठभूमि सम्बन्धी प्राप्ति

- कक्षा ९ को सामाजिक अध्ययन विषय शिक्षण गर्ने सबै शिक्षकहरुले नियमावलीले तोकेको न्यूनतम योग्यता (स्नातक तह) हासिल गरेको पाईयो ।
- ४ जना शिक्षक मध्ये २ जना स्थायी र २ जना राहत कोठामा नियूक्त भई कार्यरत रहेको पाईयो ।
- स्थायी नियूक्ति पाएका एक जना शिक्षक तालिम अप्राप्त रहेको पाईयो भने बाँकी शिक्षकहरुले शिक्षाशास्त्रसंकायबाट अधययन गरेकोले तालिम प्राप्त रहेको पाईयो ।
- कक्षा ९ मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने महिला शिक्षिका शून्य रहेको पाईयो ।
- कक्षा ९ मा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकको स्थायी दरबन्दीको अभाव रहेको पाईयो ।
- केहि शिक्षकहरु (राहत दरबन्दीका) स्थानीय पाइए भने केहि शिक्षकहरु अन्य जिल्लाका भएको पाईयो ।
- अनुभवको आधारमा ४ वर्ष देखि २८ वर्ष सम्मको शिक्षण अनुभव भएका शिक्षकरु पाईयो ।
- मातृ भाषाका आधारमा नेपाली १, मैथिली १, तामाङ १ र थारु १ रहेको पाईयो ।
- जाती तथा धर्मका आधारमा २ ब्राह्मण, २ जनजाती पाईयो भने ३ हिन्दु, १ बौद्ध धर्म मान्ने शिक्षक रहेको पाईयो ।
- शिक्षकको उमेर ३० देखि ५१ वर्ष सम्म रहेको पाईयो ।
- ३ जना शिक्षकले सामाजिक विषयमा विशिष्टिकरण गरेको पाईयो भने १ जनाले अंग्रेजी विषयमा गरेको पाइयो ।

### ख) शिक्षण क्रियाकलाप सम्बन्धी प्राप्ती

- वार्षिक कार्ययोजनाको निर्माण सबै विद्यालयमा भए पनि दैनिक पाठ योजनाको निर्माणमा कमी रहेको पाईयो ।
- शिक्षणमा सुधार ल्याउन केहि विद्यालयले मात्र योजना बनाई प्रयास गरेको पाईयो ।
- शिक्षण योजनाको निर्माण र प्रयोगमा स्थायी र पुराना शिक्षकहरु भन्दा यूवा र नयाँ शिक्षकहरुमा ज्ञान सीप तथा जागर रहेको पाईयो ।
- शिक्षणमा श्रव्य दृष्य सामग्रीको प्रयोग अति न्यून रुपमा हुने गरेको पाईयो ।
- अन्य स्थानीय सामग्री तथा ग्लोब, नक्सा, चार्टको प्रयोग सबै विद्यालयमा हुने गरेको पाईएन ।
- समाचार पत्र, नमूनाको प्रयोग नभएको पाइयो ।
- शिक्षकहरु प्राय कालो पाटी र पाठ्यपुस्तकको प्रयोग मै सीमित भएको पाईयो ।
- शैक्षिक सामग्री प्रयोग गर्न डिस्प्ले बोर्डको अभाव रहेको पाईयो ।
- पाठ्यक्रमले तोकेका छलफल र प्रश्नोत्तर विधि मात्र प्रयोग भई अन्य विधिहरुको प्रयोग न्यून रहेको पाईयो ।
- परियोजना कार्यलाई नियमित रुपमा संचालन नगरिएको पाईयो ।
- तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकको शिक्षण गुणस्तर न्यून रहेको पाईयो ।
- विधिको छनौट र प्रयोगमा पाठअनुसारको विविधता नअपनाईएको पाईयो ।
- पाठको सुरुवात सकारात्मक भए पनि केहि शिक्षकले पाठको सुरुवात प्रभावकारी रुपमा गर्न नसकेको पाईयो ।
- विषयवस्तुको प्रस्तुतिकरण गर्दा भाषिक तथा उच्चारण शुद्धतामा ध्यान सबैले पुऱ्याउन नसकेको ।
- क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता मध्यम स्तरको पाईयो ।
- शिक्षक तथा विद्यार्थीको सम्बन्ध केहिको सुधार गर्नु पर्ने अवस्थामा रहेको पाईयो ।
- विद्यार्थीहरुलाई सबै शिक्षकले उचित उत्प्रेरणा जगाउन नसकेको पाईयो ।
- भौतिक व्यवस्थापन ठीकै भए पनि कक्षाको सजावत, सरसफाई, र शैक्षिक सामग्रीको सुरक्षा गर्ने व्यवस्था कमी रहेको पाईयो ।

### ५.२ निष्कर्ष

सार्वजनिक विद्यालयको कक्षा ९ को शिक्षण क्रियाकलापको वर्तमान अवस्थालाई हेर्दा अझ पनि मा.वि. तहको सामाजिक अध्ययन शिक्षण एक चुनौतिको रुपमा रहेको छ । शिक्षा आयोगको निष्कृयता, नीतिगत प्रतिवद्धताको कमीले योग्य शिक्षककहरुलाई शिक्षण पेशामा ल्याउन सकिएको छैन भने भएका शिक्षककहरुबाट पनि प्रभावकारी रुपमा शिक्षण हुन नसकिरहेको अवस्था छ । अझ पनि तालिम नलिएका शिक्षककहरु शिक्षण पेशामा रहरिहनुले र सामाजिक अध्ययन जस्तो गहन विषय शिक्षण गर्ने विषय शिक्षकको अभाव हुनुले यहि कुराको पुष्टि गर्दछ ।

पाठ्यक्रमले निर्दिष्ट गरेका शिक्षण विधि शिक्षण सामग्रीको प्रयोग व्यवहारिक रुपमा अहिले पनि न्यून देखिनुले यसको उपलब्धी पनि न्यून हुने कुरा सहजै अनुमान गर्न सकिन्छ । एउटै शिक्षा प्रणालीमा विभिन्न प्रकारका शिक्षककहरुको नियूक्तिले शिक्षक प्रकारका शिक्षककहरुको नियूक्तिले शिक्षक कार्यमा जवाफदेहिताको कमि देखिएको छ ।

विद्यार्थीको निरन्तर मूल्याङ्कन, कक्षामा गरिने प्रयोगात्मक कार्य, समुदायमा गर्नुपर्ने सामुदायीक कार्य, खोज, अनुसन्धानात्मक सीपलाई पाठ्यक्रमले जोड दिएको भए पनि व्यवहारमा ती पक्षहरु कमजोर नै देखिएका छन् । शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोगको अवस्था पनि सन्तोषजनक रहेको छैन । शिक्षण कार्यको मूल्याङ्कन तथा सुपरिवेक्षण पक्ष फितलो भएकाले त्यसको असर शिक्षणमा प्रत्यक्ष रुपमा परेका अनुभव गर्न सकिन्छ ।

सामाजिक अध्ययन शिक्षणलाई आजको एक्काईसौं शताब्दी अनुकुल बनाउन पाठ्यक्रमले राखेका लक्ष्य हासिल गर्न प्र.अ., शिक्षक तथा विद्यार्थी, अभिभावक सबैले आ-आफ्नो क्षेत्रमा इमान्दार भई कार्य गर्नु पर्ने देखिन्छ । साथै नीति निर्माण गरेर मात्र नभई त्यसको कार्यान्वयन पक्षमा देखिएका समस्याहरुलाई सुधार गर्नु पर्ने आवश्यकता टड्कारो रुपमा देखा परेको छ ।

### ५.३ सुझावहरु

माथि उल्लेखित प्राप्ती र निष्कर्षका आधारमा कक्षा ९ को सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापमा सुधार ल्याउन निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

- शिक्षकको नियूक्ति प्रकृयामा एकरुपता ल्याउनु पर्ने ।
- सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकलाई सेवा कालीन अनिवार्य तालिमको व्यवस्था गर्नु पर्ने ।
- सामाजिक अध्ययन नविषय अध्यापन गर्न अनिवार्य रुपमा विषय शिक्षकको व्यवस्था गरिनु पर्ने ।
- पुराना र बढी उमेर पुगेका शिक्षकलाई निवृत गरी यूवा पिँढीलाई सेवामा आकर्षित गुर्न पर्ने ।
- सामाजिक अध्ययन शिक्ष्ँमा महिला शिक्षिकाहरुलाई पनि विशेष अवसर प्रदान गर्नु पर्ने ।

- प्रत्येक विद्यालयमा Audio Video सामग्रीहरु तथा कार्यक्रम बनाई उपलब्ध गराउनु पर्ने, इन्टरनेटको सुविधा उपलब्ध गराउनु पर्ने ।
- विद्यार्थी केन्द्रित तथा समस्या समाधान र परियोजना कार्यमा विशेष जोड दिनु पर्ने ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ ग्रन्थहरुको उपलब्धता बढाई यसको प्रयोगमा जोड दिनु पर्ने ।
- विभिन्न समाचार पत्र, सम सामायिक घटनालाई शिक्षण सामग्रीको रुपमा उपयोग गर्नुपर्ने ।
- शिक्षण गर्नु पूर्व अनिवार्य रुपमा पाठयोजना निर्माण गरी प्रयोग गर्नु पर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण कार्यको अभिन्न अंगको रुपमा प्रयोग गरिनु पर्ने ।
- शिक्षण क्रियाकलापको निरन्तररुपमा सुपरिवेशक्षण गरी शिक्षकको मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नु पर्ने ।
- अवलोकन भ्रमण गराउँदा मनोरञ्जनात्मक पक्षलाई भन्दा शैक्षिक उद्देश्यलाई महत्व दिनु पर्ने ।
- कक्षाकोठाको व्यवस्थापनमा जोड दिनु पर्ने ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, विष्णुप्रसाद, पौडेल, आनन्द (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* भोटाहिटी, काठमाडौं : आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णु प्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* भोटाहिटी, काठमाडौं : आशिष पुस्तक भण्डार ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाडौं, नेपाल ।

कैयूम, अब्दूल (२०६४), *सामाजिक अध्ययन शिक्षण,* प्रशान्ति प्रकाशन, पुतली सडक ,काठमाडौं ।

खनाल पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

खनाल, लोकराज (२०६७), *माध्यमिक तहमासामाजिक अध्ययन शिक्षण,* अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्रसंकाय, कीर्तिपुर, काठमाडौं ।

ढकाल, माधवप्रसाद (२०६५), *शिक्षाको दर्शनशासास्त्री एव. समाज शास्त्रीय आधार,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पनेरु, दानबहादुर (२०६५), *माध्यमिक तहमा सामाजिक शिक्षाको शैक्षणिक अवस्था,* अप्रकाशित शोत्रपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

पाण्डे, रामकुमार (२०५३), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* भोटाहिटी, काठमाडौं : रत्नपुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०३८), *माध्यमिक शिक्षा पाठ्यक्रम २०३८, शिक्षा तथा संस्कृतिक मन्त्रालय,* हरिहरभवन, काठमाडौं : पाठ्यक्रम पुस्तक तथा निरीक्षण कन्द्र ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम,* २०६४, शिक्षा तथा खेलकूद मन्त्रालय, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *शिक्षा वार्षिक पत्रिका,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, नेपाल सरकार

पौडेल, लेखनाथ (२०५१), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* पुतली सडक, काठमाडौं : प्रतिभा पुस्तक भण्डार ।

बलाएर, भोजबहादुर (२०६४), *शिक्षकको पेशागत अभिवृद्धि कार्यगत अनुसन्धानको सहयोग,* शिक्षक शिक्षा, सानोठिमी भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

बाग्ले, मनप्रसाद र अन्य (२०५५), *शिक्षाको प्रारम्भिक परिचय,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरिञ्जिवी र शर्मा, निर्मला (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिकेशन ।

शर्मा, चिरिञ्जिवि र शर्मा निर्मला (२०६७), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटी काठमाडौं : एम के पब्लिकेसन ।

शर्मा चिरिञ्जिवि, शर्मा, निर्मला (२०६६), *शैक्षणिक विधि,* भोटाहिटी, काठमाडौ.: एक.के. पब्लिकेशन ।

*शिक्षा नियमावली* .(२०५९), काठमाडौं : बौद्धिक दर्शन प्रकाशन, केशरमहल, शिक्षा मन्त्रालय ।

शिक्षाविभाग (२०६५), *सामाजिक अध्ययन शिक्षण पुरक सामग्री माध्यमिक तह,* सानोठिमी भक्तपुर ।

शिक्षा वार्षिक पत्रिका (२०६६), *नेपाल सरकार शिक्षा मन्त्रालय,* सानोठिमी, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

शिक्षक शिक्षा (२०६४, २०६५, २०६६, २०६७), *नेपाल सरकार शिक्षा मन्त्रालय,* सानो ठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाका आधारहरू,* रामशाहपथ, काठमाडौं : पैरवी प्रकाशन ।

Best, J.W. and Khan J.V. (2009). *Research in Education*, New Delhi: Prentice Hall of India Pvt.Ltd.

CERID (June 12-16, 1969), *Better Training for better Pupil Achievement Paper Presentation in National Workshop (A Workshop Report)*. Kathmandu: T.U. CERID.

## अनुसुची क

## शैक्षिक योजनको निर्माण र प्रयोगको अवस्था

| योजना | विद्यलाय | सूचनाका विभिन्न साधनहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अन्तर्वार्ता | | कक्षा अवलोकन | | | | लक्षित समूह छलफल |
| | | प्र.अ. | शिक्षक | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| दैनिक पाठ योजना | ज्यो. न.उ.मा.वि. | \|\| | \|\| | - | - | - | - | \|\| |
| | सत्यदेवी मा.वि. | | | | | | | \|\| |
| | शिव मा.वि. | | | | | | | |
| | मा.वि. सिवाई | | \|\| | | | | | \|\| |
| वार्षिक कार्ययोजना | ज्यो. न.उ.मा.वि. | | | | | | | |
| | सत्यदेवी मा.वि. | | | | | | | |
| | शिव मा.वि. | | | | | | | |
| | मा.वि. सिवाई | | \|\| | - | - | - | - | \|\| |
| शिक्षण सुधार योजना (Tip) | ज्यो. न.उ.मा.वि. | \|\| | \|\| | - | - | - | - | थाहा नभएको |
| | सत्यदेवी मा.वि. | \|\| | \|\| | - | - | - | - | थाहा नभएको |
| | शिव मा.वि. | | | | | | | |
| | मा.वि. सिवाई | \|\| | \|\| | - | - | - | - | \|\| |

संकेत    भएको, || नभएको, - नदेखिएको                                स्रोत स्थलगत अध्ययन २०६८

# अनुसुची ख

## शैक्षिक सामग्रीको प्रयोगको अवस्था

<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">शैक्षिक सामग्री</th><th rowspan="2">विद्यालय</th><th colspan="2">अन्तर्वार्ता</th><th colspan="4">कक्षा अवलोकन</th><th rowspan="2">समूह छलफल</th></tr>
<tr><th>प्र.अ.</th><th>शिक्षा</th><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>चौथों</th></tr>
<tr><td rowspan="4">१.</td><td rowspan="4">श्रव्य दृष्य सामाग्री</td><td>ज्योति न.उ.मा.वि.</td><td>||</td><td>||</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>||</td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td>||</td><td>||</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>||</td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td>||</td><td>||</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>||</td></tr>
<tr><td rowspan="4">२</td><td rowspan="4">ग्ाफ, चार्ट, नक्सा, ग्लोव</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td></td><td></td><td>प्राय जसो हुने</td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td></td><td></td><td></td><td></td><td>-</td><td></td><td></td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td></td><td></td><td>-</td><td></td><td>-</td><td>-</td><td>कहिलेकाही</td></tr>
<tr><td rowspan="4">३</td><td rowspan="4">समाचार पत्र नमूना (Model and specimen)</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td></td><td></td><td>कहिलेकाही</td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td></td><td></td><td>-</td><td></td><td>-</td><td></td><td>कहिलेकाही</td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td rowspan="4">४</td><td rowspan="4">शिक्षक निर्देशिका पाठ्यक्रम</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td></td><td></td><td>थाहा नएको</td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>थाहा नभएको</td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td rowspan="4">५</td><td rowspan="4">कालो पाटी पाठ्यपुस्तक</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="4">६</td><td rowspan="4">बुलेटिन वार्ड डिस्प्ले वार्ड</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td>-</td><td>-</td><td></td><td>-</td><td></td></tr>
<tr><td>सत्यदेवी मा.वि</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td>शिव मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td>-</td><td></td><td></td></tr>
<tr><td>मा.वि. सिवाई</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
</table>

संकेत भएको, || नभएको, - नदेखिएको

स्रोत स्थलगत अध्ययन २०६८

# अनुसुची ग

## शिक्षण विधिको प्रयोगको अवस्था

| क्र.सं. | शैक्षिक सामग्री | विद्यालय | अन्तर्वार्ता | | कक्षा अवलोकन | | | | समूह छलफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षा | प्रथम | दोस्रो | तेस्रो | चौथों | |
| १. | प्रश्नोत्तर | ज्योति न.उ.मा.वि. | | | | | | | |
| | | सत्यदेवी मा.वि | \|\| | | | | | | |
| | | शिव मा.वि. | | | - | - | - | - | |
| | | मा.वि. सिवाई | | \| | | | | | |
| २ | प्रदशन | ज्योति न.उ.मा.वि. | \| | \| | - | | | | \| |
| | | सत्यदेवी मा.वि | \| | | | | - | | |
| | | शिव मा.वि. | | | | - | | | |
| | | मा.वि. सिवाई | | | | | | | \| |
| ३ | समस्या समाधान | ज्योति न.उ.मा.वि. | \| | \| | - | - | - | - | \| |
| | | सत्यदेवी मा.वि | \| | | | - | | | \| |
| | | शिव मा.वि. | | | - | | | - | |
| | | मा.वि. सिवाई | | \| | | - | | | \| |
| ४ | छलफल | ज्योति न.उ.मा.वि. | | | | | | | \| |
| | | सत्यदेवी मा.वि | | | | | | | |
| | | शिव मा.वि. | | | | | | | |
| | | मा.वि. सिवाई | | | | | | | |
| ५ | अवलोकन | ज्योति न.उ.मा.वि. | \| | \| | - | | - | | \| |
| | | सत्यदेवी मा.वि | \| | | - | | | - | |
| | | शिव मा.वि. | | | | | | | |
| | | मा.वि. सिवाई | \| | | - | | | - | \| |
| ६ | खोज | ज्योति न.उ.मा.वि. | | | | - | | - | |
| | | सत्यदेवी मा.वि | \| | \| | - | - | | | \| |
| | | शिव मा.वि. | | | | - | - | | |
| | | मा.वि. सिवाई | | | - | - | - | - | \| |
| ७. | अभिनय | ज्योति न.उ.मा.वि. | \| | \| | - | - | - | - | \| |
| | | सत्यदेवी मा.वि | \| | \| | - | - | - | - | \| |
| | | शिव मा.वि. | \| | | - | - | - | - | \| |
| | | मा.वि. सिवाई | \| | \| | - | - | - | - | \| |
| ८. | परियोजना | ज्योति न.उ.मा.वि. | \| | \| | - | | | - | \| |
| | | सत्यदेवी मा.वि | \| | \| | - | | - | - | \| |

<table>
<tr><td></td><td></td><td>शिव मा.वि.</td><td></td><td></td><td>-</td><td></td><td>-</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>मा.वि. सिवाई</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td>९.</td><td>प्रयोगात्मक</td><td>ज्योति न.उ.मा.वि.</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td></td><td></td><td>सत्यदेवी मा.वि</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td></td><td></td><td>शिव मा.वि.</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td></td><td></td><td>मा.वि. सिवाई</td><td>|</td><td>|</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
<tr><td>१०</td><td>क्षेत्र भ्रमण</td><td>ज्योति न.उ.मा.वि.</td><td></td><td></td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>सत्यदेवी मा.वि</td><td></td><td></td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>शिव मा.वि.</td><td></td><td></td><td>-</td><td>-</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>मा.वि. सिवाई</td><td>|</td><td></td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>|</td></tr>
</table>

संकेत भएको, || नभएको, - नदेखिएको

स्रोत स्थलगत अध्ययन २०६८

## अनुसूची घ

### अध्ययनका लागि छनौट गरिएका विद्यालय

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री ज्योति नमुना उ.मा.वि | बेलटार -२, उदयपुर |
| २ | श्री सत्यदेवी मा.वि. | बेलटार-३, उदयपुर |
| ३ | श्री मा.वि. सिबाई | सुन्दरपुर -२, उदयपुर |
| ४ | श्री शिव मा.वि. सन्दरपुर | सुन्दरपुर - ५, उदयपुर |

## अनुसूची ङ

### छनौटमा परेका विद्यालयका प्रधानाध्यापकको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री ज्योति नमुना उ.मा.वि | अमरेन्द्र कुमार झा | बेलटार -२, उदयपुर |
| २ | श्री सत्यदेवी मा.वि. | कुमार खड्का | बेलटार-३, उदयपुर |
| ३ | श्री मा.वि. सिबाई | रामलगन यादव | सुन्दरपुर -२, उदयपुर |
| ४ | श्री शिव मा.वि. सन्दरपुर | हरिप्रसाद खतिवडा | हदिया - ४, उदयपुर |

## अनुसूची च

### छनौटमा परेका विद्यालयका शिक्षकहरू को विवरण

| क्र.सं. | शिक्षकहरूको नाम | ठेगाना | विद्यलाय |
|---|---|---|---|
| १ | रमाकान्त चौधरी | गा.वि. तिलाठी ४, सप्तरी | श्री ज्योति नमुना उ.मा.वि |
| २ | पदम तामाङ्ग | गा.वि.स. चौडन्डी २ उदयपुर | श्री सत्यदेवी मा.वि. |
| ३ | विरेन्द्र प्रसाद बास्तोला | गा.वि.स सुन्दरपुर ५ उदयपुर | श्री शिव मा.वि. सन्दरपुर |
| ४ | महेशकुमार झा | नगरपालिका राजविराज १० सप्तरी | श्री मा.वि. सिबाई |

## अनुसूची छ

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : तालिम :

प्रधानाध्यापकको नाम : अवधि र प्रकार :

योग्यता : अनुभव वर्ष :

१. तपाईको विद्यालयमा शिक्षकको संख्या कति छ ?

..................................................................................

२. शिक्षण विद्यार्थी अनुपात कति छ ?

..................................................................................

३. कति शिक्षणहरूले न्युनतम योग्यता पुरा गरेका छन् ?

..................................................................................

४. के कक्षा ९ मा अनिवार्य विषय अधयापनरत शिक्षकहरू सम्बन्धित विषयमा विशिष्टिकरण गरेका छन् ?

..................................................................................

५. विद्यालयमा महिला र पुरुष शिक्षकको संख्या के कति छ ?

..................................................................................

६. शिक्षणमा महिला र पुरुष शिक्षकको भिन्नता देख्नु भएको छ ?

..................................................................................

७. विद्यालयमा कक्षा अवलोकन गर्नुहुन्छ ?

..................................................................................

८. कक्षा अवलोकन गर्दा शिक्षण उपयुक्त भएको पाउनु भएको छ ?

..................................................................................

९. कक्ष शिक्षणमा अनिवार्य विषयहरू अध्यापन गर्दा कुन कुन प्रयोग विधि गरिँदै आएको छ ?

..................................................................................

१०. कक्षा अवलोकन नगरेको किन ?

..................................................................................

११. शिक्षकहरू कक्षाकोठामा कस्ता कस्ता क्रियाकलापहरू गर्ने गर्दछन् ?

..................................................................................

१२. के सबै अनिवार्य विषयहरूको सिकाइ क्रियाकलाप विद्यार्थी सन्तुष्ट छन् ?

...................................... ..................................

१३. के को आधारमा सन्तुष्ट भए नभएको निर्क्यौल गर्नुहुन्छ ।

..................................................................................................

१४. तपाइको विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध छन् ?

..................................................................................................

१५. यदि उपलब्ध छन भने कहाँबाट कसरी जुटाउनु भएको छ ?

..................................................................................................

१६. तपाईको विद्यालयमा सबै शिक्षकहरू तालिम प्राप्त छन् ?

..................................................................................................

१७. शिक्षकहरूलाई तालिममा पठाउने गर्नु भएको छ ?

..................................................................................................

१८. तालिममा पठाउँदा छनौट गर्ने आधार के हो ?

..................................................................................................

१९. तालिममा पठाइएका शिक्षकले अध्यापन विद्यालयमा कसरी गर्नहुन्छ ।

..................................................................................................

२०. तालिमबाट प्राप्त, ज्ञान, सीप र अनुभवलाई शिक्षणमा प्रयोग गरे नगरेको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

..................................................................................................

२१. शिक्षकहरू कक्षाकोठामा कस्ता कस्ता विधिहरू प्रयोग गरी अध्यापन गर्दछन ?

..................................................................................................

२२. माध्यमिक तहमा क्षिण गर्दा के कस्ता शिक्षण विधिहरू अपनाउन सकिन्छ ।

..................................................................................................

२३. उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न तपाई कसरी सहयोग गर्नुहुन्छ ?

..................................................................................................

२४. माध्यमिक तहको कक्षा शिक्षण प्रति तपाईको धारणा कस्तो छ ?

..................................................................................................

२५. शिक्षण सिकाइ क्रियाकलाप के कस्ता समस्याहरू देखिएका छन् ?

..................................................................................................

२६.	शिक्षण सिकाइ क्रियाकलापमा के कस्ता समस्याहरू देखिएका छन् ?

........................................................................................

२७.	त्यस्ता समस्याहरूमा कमी ल्याउयन कस्ता कस्ता प्रयासहरू गर्दै आउनु भएको छ ?

........................................................................................

२८.	विद्यालयको शिक्षणलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अपनाउनु पर्ला ? तपाईको राय सुझाव के छ ?

## अनुसूची ज

## शिक्षकको अर्न्तवार्ताको लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नामः स्थायी ठेगानाः
शिक्षकको नामः योग्यताः
अनुभव वर्षः

१. तपाईको विद्यालयमा शिक्षक निर्देशिका अनुसार सामाजिक विषय शिक्षणका लागी आवश्यक पर्ने शैक्षिक सामाग्रीहरू उपलब्ध छन् ?

२. शैक्षिक सामाग्रीको व्यवस्थापन कसरी गर्नुभएको छ ?

३. स्थानीय शैक्षक सामाग्रीहरूको निर्माण गर्नुहुन्छ वा हुँदैन ? हुन्छ भने के कसरी गर्नुभएको छ ?

४. शैक्षिक सामाग्रीहरूको व्यवस्थापन गर्न विद्यालय प्रशासनलाई कत्तिको दबाव दिनुभएको छ ?

५. कक्षा शिक्षण गर्दा शैक्षिक सामाग्रीहरूको प्रयोग कत्तिको गर्नुहुन्छ ?

६. शैक्षिक सामाग्रीहरूको प्रयोग गर्दा के कस्ता समस्याहरू झेल्नुभएको छ ?

७. शैक्षिक सामाग्रीहरूको प्रयोग गरी शिक्षण गर्दा र नगरी शिक्षण गर्दा शिक्षण सिकाइमा के कस्ता भिननता पाउनु भएको छ ?

८. तपाईलाई थाहा भएका सामाजिक विषयमा प्रयोग गर्ने शिक्षण विधिहरू के के हुन् ?

९. तपाईलाई यो विषय पढाउन सजिलो लाग्दछ की असजिलो लाग्दछ ? किन ?

१०. सबैभन्दा बढी शैक्षक सामाग्री कुन एकाइको लागि आवश्यक पर्दछ ? किन ?

११. सामाजिक विषय शिक्षण गर्दा कुन कुन शिक्षण विधीहरू प्रयोग गर्नुहुन्छ ? तपाईले कुन विधि प्रयोग गरी सजिलै बुझाउन सक्नुहुन्छ ?

१२. यो विषय शिक्षण गर्दा आवश्यक पर्ने विधि र सामग्रीहरूको प्रयोग गर्न नसक्नुका कारणहरू के के छन् ?

१३. यस विषय शिक्षणका समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अपनाउने गर्नुभएको छ ?

१४. सामाजिक विषय शिक्षणका लागी तपाईले कुन कुन योजनाको निर्माण गर्नुभएको छ ? त्यसको प्रयोग कसरी गर्नुभएको छ ?

१५. तपाईले कक्षाकोठामा शिक्षण गर्दा सिकाई क्रियाकलाप कसरी प्रारम्भ गर्नुहुन्छ ?

१६. तपाईले कक्षाकोठामा सिकाई क्रियाकलाप गर्दा विद्यार्थीहरूलाई उत्प्रेरित गर्न के के गर्नुहुन्छ ? किन ?

१७. तपाईको सामाजिक विषयप्रतिको धारणा के कस्तो छ ? किन ?

१८. विद्यार्थीहरू सामाजिक विषय पढ्न चाख मान्दछन् वा मान्दैनन् ? किन ?

१९. तपाईले शिक्षक निर्देशिका प्रयोग गर्नुहुन्छ की हुदैन ? यदि प्रयोग गर्नुहुन्छ भने सबै एकाईमा प्रयोग गर्नुहुन्छ त ?

२०. तपााईले पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुहुन्छ ? कत्तिको ?

२१. शिक्षक निर्देशिका अनुसार क्रियाकलाप गराउन समय पर्याप्त हुन्छ ?

२२. तपाई शैक्षिक सामग्रीको दैनिक निर्माण र प्रयोग गर्नुहुन्छ वा हुँदैन ?

२३. विद्यार्थीहरूको मूल्याङकन कसरी गर्नुहुन्छ ?

२४. विद्यार्थीहरूलाई गृहकार्य दिनुहुन्छ ? सच्चयाउने गर्नुहुन्छ ?

२५. मा.वि. तहको सामाजिक पाठ्यक्रम विद्यार्थीहरूको स्तर अनुसार छ वा छैन ?

२६. तपाईले एक दिनमा कति पिरिउड पढाउनु हुन्छ ? सामाजिक विषय हप्तामा कति पिरियड पढाउनु हुन्छ ?

२७. के तपाई तालीमप्रप्त हुनुहुन्छ ?

२८. तालिमबाट सिकेका कुराहरू प्योगमा ल्याउनु भएको छ ?

२९. तपाईले लिनुभएको तालिम कत्तिको प्रभावकारी ठान्नु भएको छ ?

३०. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा सिकाई क्रियाकलापबाट प्राप्त उपलब्धीमा के कस्तो अन्तर पाउनु भएको छ ?

३१. सामाजिक विषयलाई प्रभावकारी रूपमा शिक्षण गर्न के गर्नु पर्ला ?

## अनुसूची झ

## कक्षा अवलोकन फाराम

शिक्षकको नामथर :

विद्यालयको नाम :

योग्यता :

ठेगाना :

तालिम : छ /छैन

कक्षा :

तालिमको प्रकार

विषय :

शिक्षण अनुभव

पाठ :

| क्र.सं. | विषय | अत्युत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कक्षा व्यवस्थापन<br>(क) प्रकाशको व्यवस्थाप<br>(ख) बेन्च डेस्कको रखाई<br>(ग) विद्यार्थीको बसाई<br>(घ) कक्षाकार्यका लागि बाटो | | | | | |
| २ | कक्षाकोठाको सुरुवात<br>(क) पुनरावलोकन गरेर<br>(ख) सम्बन्धित पाठ शीर्षक नै सुरु गरेर<br>(ग) प्रश्नोत्तर गरेर<br>(घ) कक्षा, कविता वा अन्यबाट<br>(ङ) समय | | | | | |
| ३ | शिक्षण क्रियाकलाप<br>(क) व्याख्यान<br>(ख) प्रदर्शन<br>(ग) प्रश्नोत्तर<br>(घ) विषयवस्तु अनुरूप हाउभाउ<br>(ङ) विद्यार्थीलाई प्रोत्साहन<br>(च) विद्यार्थी सक्रियता<br>(छ) विद्यार्थी अनुशासन | | | | | |
| ४ | कक्षा समाप्ती<br>(क) सारांश,<br>(ख) विद्यार्थी मूल्याङ्कन<br>(ग) पृष्ठभूमि प्रधान<br>(घ) गृहकार्य | | | | | |

## अनुसूची ञ

## विद्यार्थी समूह छलफल प्रश्नावली नमूना

१. तपाईलाई सामाजिक विषय पढ्न मनलाग्दछ वा लाग्दैन ? पढ्न मन लाग्दछ भने किन र लाग्दैन भने किन ?

२. सामाजिक विषयको शिक्षण कसरी भैरहेको छ ?

३. सामाजिक शिक्षकले पढाँउदा शैक्षिक साम्रग्रीहरूको प्रयोग गर्नुहुन्छ वा हुदैन ? गर्नुहुन्छ भने सबै पाठमा गर्नुहुन्छ वा हुदैना ?

४. सामाजिक विषयमा तपाईलाई सबैभन्दा बढी मनपर्ने र मन नपर्ने एकाई कुन हो ? किन ?

५. शैक्षिक सामाग्री प्रयोग गरी शिक्षण गर्दा र नगरी शिक्षण गर्दा के भिन्नता पाउनु हुन्छ ?

६. सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले कुन कुन विधि बढी प्रयोग गर्नुहुन्छ ?

७. शिक्षकले कुन कुन विधि प्रयोग गरी शिक्षण गर्दा प्रष्ट बुझ्न सकिन्छ ?

८. सामाजिक विषय अध्ययन गर्न सजिलो लाग्दछ वा लाग्दैन ? लाग्नु र नलाग्नुको कारण के होला ?

९. शिक्षकले शिक्षण गर्दा प्रश्नहरू सोध्नु हुन्छ वा हुदैन ? साध्नु हुन्छ भने कुन कुन बेला साध्नु हुन्छ ?

१०. यो विषयलाई शिक्षण गर्दा शिक्षकले के कस्ता क्रियाकलाप गर्नुहुन्छ ?

११. शिक्षकले अध्यापन गरिसकेपछि गृहकार्य दिनुहुन्छ वा हुदैन ? दिनुहुन्छ भने दैनिक रूपमा दिनुहुन्छ कि नियमित ?

१२. शिक्षण गराईसकेपछि पाठको सारांश बताउनुहुन्छ वा हुँदैन ?

१३. सामाजिक शिक्षक कक्षामा पुरै पिरियड (घण्टी) बिताउनु हुन्छ ?

१४. सामाजिक विषय पढ्न के कस्ता समस्याहरू आइपरेका छन् ?

१५. तिमीहरूले शैक्षिक सामग्रीहरू बनाएर ल्याउने गरेका छौं ?

१६. तपाईले कुनै स्थानको अवलोकन गर्नु भएको छ ?